# नाजरिन मण्डलीको मौलिक तत्वहरू

## हामी र हाम्रो विश्वास

# नाजरिनको मण्डली

## हामी विश्वास गर्छौं

एक ईश्वर-पिता, पुत्र र पवित्र आत्मामामाथि ।

परमेश्वरमा विश्वासद्वारा दिइएको धर्मशास्त्रः पुरानो र नयाँ करार, जसमा इसाई विश्वास र विश्वासी जीवनका लागि पूर्ण उत्प्रेरणा प्रद्धत्त आवश्यक सबै सत्य कुराहरू समावेश छन् ।

सबै मानिस पाप स्वभावमा जन्मिएको कारण निरन्तररूपले दुष्टतातिर ढल्किएका हुन्छन् ।

अपश्चात्तापीहरू निराश भई अनन्तका लागि नाश भएका हुन्छन् ।

येशू ख्रीष्ट मार्फत आएको प्रायश्चित सम्पूर्ण मानव जातिका लागि हो; जसले पश्चात्ताप गरी येशू ख्रीष्टमा विश्वास गर्छ, ऊ धर्मी ठहर्छ, नयाँ हुन्छ र पापको दासत्वबाट बचाइन्छ ।

विश्वासीहरू प्रभु येशू ख्रीष्टमाथि गरेको विश्वास मार्फत पूर्णरूपमा पवित्रीकृत हुन्छन् ।

पवित्र आत्माले विश्वासीहरूको नयाँ जन्म र पूर्ण पवित्रीकरणको साक्षी दिन्छ ।

हाम्रा प्रभु फेरि आउनुहुनेछ, मृतकको पुनरुत्थान हुनेछ र अन्तिम न्याय हुनेछ ।

# विषय सूची


| | |
|---|---|
| नाजरिन मण्डलीको मौलिक तत्वहरूमा तपाईंलाई स्वागत छ | ६ |
| हाम्रो वेस्लियन-पवित्रताको सम्पदा | ७ |
| हाम्रो विश्वव्यापी मण्डली | १३ |
| हाम्रो आधारभूत मान्यताहरू | १९ |
| हाम्रो मिसन | २५ |
| हाम्रो नाजरिन विशेषताहरू | २७ |
| हाम्रो वेस्लियन धर्मशास्त्र | ५९ |
| हाम्रो विश्वासको सूत्र | ६५ |
| हाम्रो मण्डली विज्ञान | ७७ |
| हाम्रो प्रशासन नीति | ८३ |
| हाम्रो मण्डली: स्थानीय मण्डली, जिल्लाव्यापि र आम मण्डली | ८७ |
| सम्बद्ध मण्डली | ९१ |

परमेश्वरको मण्डली भेला, शिक्षा र संयुक्त आराधनामा हुने यसको सबैभन्दा उच्च स्वरूप हो, तर यी सबै कुराले व्यक्तिलाई उहाँको पुत्रसमान हुन सहायता गर्छ ।

—फिनिज एफ्. ब्रिजी

प्रथम महानिरीक्षक, नाजरिन मण्डली

# नाजरिन मौलिक तत्वहरूमा तपाईंलाई स्वागत छ ।

नयाँ पुस्ताका अगुवा तथा विश्वासीहरूको बढ्दो जत्थाले मण्डलीको शिक्षा, इतिहास, धर्मविज्ञान, मिसन, कोष र सम्बन्ध समेटिएको संक्षिप्त प्रकाशन सरल भाषामा सहज रूपले उपलब्ध गराउन माग गरेको छ ।

नाजरिनको मौलिक तत्वहरू स-साना लेखहरूको सङ्ग्रह हो, जसले नाजरिन मण्डली किन अस्तित्वमा छ, हामी को हौं र केमा विश्वास गर्छौं भन्ने बताउँदछ । यस प्रकाशनले धर्मशास्त्रीय पवित्रतालाई फैलाउने मण्डलीको उद्देश्य र राष्ट्रहरूमा ख्रीष्टजस्तै चेलाहरू निर्माण गर्ने मिसनलाई स्पष्टसँग बुझाउने तरिका प्रदान गर्दछ ।

नाजरिनको मौलिक तत्वहरू इन्टरनेटमा उपलब्ध छ (www.whdl.org) र Nazarene Essentials सर्च गर्न सकिन्छ ।

नाजरिनको मौलिक तत्वहरू अध्ययनका क्रममा तपाईंले नाजरिन मण्डली र येशू ख्रीष्टको सुसमाचार सुनाउने मण्डलीको चाहनाको बारेमा अझ धेरै सिक्नुहुनेछ ।

**नोटः नाजरिनको मौलिक तत्वहरू निर्देशिका नभएर थप सामाग्री मात्र हो ।**

# हाम्रो वेस्लेयिन पवित्रताको सम्पदा

यो ख्रीष्टको "एक, पवित्र, विश्वव्यापी र प्रेरितीय" शाखा हो भनी नाजरिन मण्डलीले विश्वास गर्दछ। किनकि यो विश्वासमा हामी इसाई इतिहासलाई हाम्रो आफ्नै इतिहासको रूपमा स्वीकार गर्छौं । यसो भन्न सकिन्छ, हामी पुरानो र नयाँ करारका सबै युगहरूमा अभिलेख गरिएका प्रभुका जनहरूको इतिहासको अंश हौँ । यसमा संसारभरि भएका ख्रीष्टको मण्डलीका विभिन्न अभिव्यक्तिहरू समेटिएका छन् । हामी प्राचीन इसाई विश्वासको सारलाई हाम्रो आफ्नै विश्वासको अभिव्यक्तिको रूपमा स्वीकार गर्छौं ।

ऐतिहासिक मण्डलीझैँ हामी वचन प्रचार गर्छौं। पवित्र विधि-विधानहरू सञ्चालन गर्छौं र ख्रीष्ट जस्तै जिउने अनि सेवामा अभिप्रेरित गर्ने अनुशासनको शिक्षा दिने प्रेरितहरूले सुरु गरेका सेवाहरूलाई निरन्तरता दिन्छौं। सबै ठाउँ र समुदायका विश्वासीहरूसँग एकैसाथ पवित्र जियाइ र परमेश्वरप्रति भक्तिको बाइबलीय बोलावटलाई प्रतिक्रिया जनाउँछौं । यसलाई पूर्ण पवित्रकरण भनिन्छ र हामी खुसीसाथ यस सिद्धान्तमा आधारित हाम्रो विश्वास घोषणा गर्छौं । इसाई इतिहासका धेरै शाखाहरू छन्। हाम्रो सम्पदा हामीले प्रोटेस्टेन्ट सुधार आन्दोलनमा भेट्छौं, अझ विशेषगरी सोह्रौं शताब्दीको अङ्ग्रेज सुधार आन्दोलनमा। त्यसपश्चात्, हाम्रो इतिहास अठारौं शताब्दीको वेस्लियन जागृतिमा भेट्छौं। यो जागृति जोन र चार्ल्स वेस्ली नामका दुई दाजुभाइको प्रचारबाट सुरु भयो र इङ्ल्यान्ड, स्कटल्यान्ड, आयरल्यान्ड र वेल्सभरि फैलियो । यो ठूलो सङ्ख्यामा मानिसहरू पापबाट फर्केका र इसाई सेवाको लागि सुसज्जित भएको समय भनेर थाहा गरियो ।

यस जागृतिले मण्डलीले गर्दै आएका पारम्पारिक अभ्यास र विशेषताहरूलाई चुनौति दियो:

- साधारण विश्वासीहरू–विश्वासीहरू जो पुजाहारी वा डिकन थिएनन्, उनीहरूले प्रचार गरे ।
- आराधना सेवामा विश्वासीहरूको जीवनमा परमेश्वरले गर्नुभएको कामको गवाही समावेश गरियो ।
- जीवनमा अनुशासित हुन विश्वासीहरूलाई उत्साहित पारियो र एक-अर्कालाई उत्साह दिनका लागि चेलाहरू साना समूहहरूमा एकबद्ध गरिए ।

यी नयाँ अभ्यासहरूका साथ, वेस्लियन जागृतिले महत्वपूर्ण धर्मशास्त्रीय सत्यतालाई जोड दियो:

- विश्वासको कारण अनुग्रहमा न्याय प्रतिपादन
- पवित्रीकरण–इसाई सिद्धताको रूपमा समेत चिनिएको–विश्वासको कारण अनुग्रहमा न्याय प्रतिपादन जस्तै विश्वासीहरूले अनुग्रह पाएका छन् भनी पवित्र आत्माले विश्वस्त पार्छ ।

इसाई इतिहास र धर्मशास्त्रको लागि जोन वेस्लीको फरक योगदान पूर्ण पवित्रीकरणमा जोड नै हो । उनी विश्वास गर्थे कि यो परमेश्वरको उपहार हो, जसले विश्वासीहरूलाई साँचो इसाई जीवन जिउने बनाउँछ । उनका शिक्षाहरू अमेरिकालगायत विश्वभरि फैलियो । उत्तर अमेरिकामा, मेथोडिस्ट एपिस्कोपल मण्डली “त्यस महाद्वीपलाई सुधार गर्न र धर्मशास्त्रीय पवित्रता यी भूमिहरूभरि फैलाउन” सन् १७८४ मा गठन भयो ।

इसाई पवित्रताको नवीकृत महत्वलाई उन्नाइसौं शताब्दीमा विकसित गरियो । तिमोथी मेरिटले इसाई सिद्धता सहयोगी नामक पत्रिका

प्रकाशन सुरु गरे । फिबी पामरले पवित्रता प्रचारप्रसारका लागि साप्ताहिक वैठकको अगुवाइ गरे । तिनी नामी वक्ता, लेखिका र सम्पादक भइन् । सन् १८६७ मा मेथोडिस्ट प्रचारकहरू –जोन ए. उड् र जोन एस्. इन्स्किपले स्मरणीय "पाल वैठकहरू" गरे । यी वैठकहरू ठूला थिए, जहाँ मानिसहरू आराधना सेवा गर्नकालागि निरन्तर भेला हुन्थे र प्रायः पालमै सुत्थे । प्रचारकहरू पवित्रतामा केन्द्रित भए र तिनीहरूले विश्वभर पवित्रताका लागि वेस्लियन अन्वेषणलाई नवीकृत गरे ।

पवित्रताको सिद्धान्तमा जोड दिदै, त्यस समय वेस्लियन मेथोडिस्टहरू, द फ्रि मेथोडिस्ट, द साल्भेसन आर्मीलगायतका विभिन्न समूह साथै मेनोनाइट्स, ब्रेदरेन र क्वाकरका केही समूहहरू उदय भए । सुसमाचार प्रचारकहरूले यो अभियानलाई जर्मनी, इङ्ल्यान्ड, स्क्यान्डिनाभिया, भारत र अस्ट्रेलियासम्म पुऱ्याए । जसै यी समूहहरू विश्वरभरि फैलिए, द चर्च अफ गड (एन्डर्सन, इन्डियाना) लगायत नयाँ पवित्रताको मण्डलीहरू पनि स्थापना भए । त्यस समय नगरीय मिसन र मिसनरी एसोसियसन पनि बढे । मण्डली वृद्धिको लागि कुनै एउटा मण्डली मात्रै जिम्मेवार थिएन, जसलाई मानिसहरूले पवित्रताको गति भने । यी विभिन्न प्रयासहरूलाई एउटा सम्प्रदायमा एकत्रित पार्ने चाहनाका साथ पवित्रतामा जोड दिदै नाजरिन मण्डलीको जन्म भएको थियो ।

किनकी सम्प्रदायको रूपमा हाम्रो जग "वेस्लियन नवजागरण" का साथै "पवित्रीकरण अभियान" सम्म जान्छ, हामी आफूलाई चिनाउन "वेस्लियन पवित्रता"को पदावली प्रयोग गर्छौं ।

## पवित्रतामा एकता

संयुक्त राज्यको रोड आइल्यान्डमा, परमेश्वरको कृपाद्वारा फ्रेड हिलारीले सन् १८८७ मा पिपुल्स इभान्जेलिकल चर्च स्थापना गरे ।

लिन, मस्साचुसेटमा अवस्थित मिसन चर्चले सन् १८८८ मा यसको अनुशरण गऱ्यो । सन् १८८० मा ती मण्डलीहरूले अन्य आठ समूहहरूका साथ मिलेर सेन्ट्रल इभान्जेलिकल होलिनेस एसोसिएन गठन गरे । सन् १८९२ मा, एन्ना एस्. हेन्स्कम प्रथम अभिषिक्त महिला सेविका बनिन् र अन्ततः नाजरिनको मण्डली सुरु भयो ।

सन् १९९४ र १९९५ मा, विलियम हवार्ड हुपलले न्यु योर्कको ब्रुकलिनमा तीन पवित्रताका समूहहरूलाई "एसोसिएन अफ् सेन्ट्रल इभान्जेलिकल चर्चेज अफ अमेरिका" मा सङ्गठित गरे । ती दिनहरूमा पवित्रताको पर्यायवाची "पेन्तिकोस्टल" थियो । सन् १८९६ मा हिलारी र हुपलका समूहहरू एक-अर्कामा गाभिए । तिनीहरूले (१८९९) भारत र (१९०१) केप बर्दीमा काम सुरु गरे । हिराम रिनोल्डस्ले (१९०२) क्यानाडामा समूह स्थापना गरे । सन् १९०७ सम्ममा उक्त एसोसिएसनमा नोभा स्कोटियादेखि लोवासम्मका मण्डलीहरू थिए ।

सन् १८९४ मा, रोबर्ट ली ह्यारिस्ले मिलन, टेनेसीमा न्यू टेस्टामेन्ट चर्च अफ क्राइस्ट स्थापना गरे । उनकी विधवा पत्नी मेरी ली केगलले उनको कामलाई निरन्तरता दिइन् । सी.बी. जर्निगनले टेक्सासको भान एल्स्टाइनमा पहिलो स्वतन्त्र पवित्रताको मण्डली स्थापना गरे । सन् १९०४ मा टेक्सासको राइजिङ स्टारमा यी सबै मण्डलीहरू होलिनेस् चर्च अफ् क्राइस्टको रूपमा स्थापित भए । सन् १९०८ सम्म आइपुग्दा यो मण्डली बहिष्कृत र आवश्यकतामा परेकाहरूको सेवा गर्दै, अनाथ र अविवाहित आमाहरूलाई सहायता गर्दै र भारत र जापानका कामदारहरूसित जोडिदै जर्जियादेखि न्यू मेक्सिकोसम्म फैलियो ।

फिनिस एफ्. ब्रिजी र जोसेफ पी. विड्नीले अन्य करिब १०० जना व्यक्तिहरूसँगै सन् १८९५ मा लस एन्जलसमा नाजरिन मण्डली स्थापना गरे । तिनीहरू विश्वास गर्थे कि विश्वासद्वारा पवित्रीकृत

इसाईहरूले ख्रीष्टको अनुसरण गर्छन् र गरीबहरूलाई सुसमाचार सुनाउँछन् । आवश्यकतामा परेकाहरूका आत्माको उद्धारकालागि सान्त्वना दिदै तिनीहरूले ख्रीष्टको जस्तै सेवाकाइ गर्न आफ्नो समय र पैसा दिए । नाजरिनको मण्डली मुख्यतयाः अमेरिकाको पश्चिमी भेगमा र केही समूहहरू टाढामा इलिनोइस्सम्म फैलिए । तिनीहरूले भारतको कलकत्तामा आदिवासी मिसनलाई सहायता गरे ।

अक्टोबर १९०७ मा, एसोसिएसन अफ् पेन्टिकोस्टल चर्चेज् अफ् अमेरिकाका प्रतिनिधिहरू र नाजरिन मण्डलीबीच इलिनोइस्मा सिकागो भेला गरियो । तिनीहरूले मण्डलीको प्रशासनः सुपरिवेक्षण र सामूहिक अधिकारसम्बन्धि दुई फरक बुझाइलाई सन्तुलनमा ल्याउन नयाँ मण्डली निर्माणको काम गरे । नयाँ मण्डलीमा परीक्षकहरू हुन्थे जसले स्थापित मण्डलीहरूलाई वास्ता गर्थे र नयाँ मण्डली स्थापना गर्थे । तथापि, ती निरीक्षकहरूले पूर्णरूपमा स्थापित मण्डलीका स्वतन्त्र कार्यहरूलाई हस्तक्षेप गर्दैनथे । ख्रीष्टको पवित्र मण्डलीका प्रतिनिधिहरू पनि यस वैठकमा सहभागी भए । पहिलो महासभाले दुवै संस्थालाई खिचेर द पेन्टिकोस्टल चर्च अफ् द नाजरिन भनेर नामकरण गऱ्यो । ब्रिजी र रेनोल्ड्स महानिरीक्षकमा निर्वाचित भए ।

एच.जी. ट्रम्बरले नेतृत्व गरेको अर्को मण्डली सेप्टेम्बर १९०८ मा पेन्टिकोस्टल चर्च अफ् द नाजरिनमा समाहित भयो । ख्रीष्टको पवित्र मण्डलीको महा-समितिसँगै मिलेर टेक्सासको पाइलट प्वाइन्टमा अक्टोबर १३ तारिखका दिन दोश्रो महासभा आयोजना गरियो । उक्त सभामा दुई मण्डलीहरू गाभिए ।

जे.ओ. मेक क्लर्कनले सन् १८९८ मा टेनेसीको नास्भिलामा स्थापित पेन्टिकोस्टल मिसनको संरचनालाई अगुवाइ गरे । यस समूहले पवित्रतालाई मुख्य सिद्धान्त मान्ने यस क्षेत्रभरका मानिसहरूलाई एकत्रित गऱ्यो । तिनीहरूले पास्टर र शिक्षकहरूलाई क्युबा, ग्वाटेमाला,

मेक्सिको र भारतमा पठाए । इसाई पवित्रताको वेस्लियन सिद्धान्तको प्रचार गरेकै कारण सन् १९०६ मा जर्ज सार्प स्कटल्यान्ड ग्लास्गो स्थित आफ्नै मण्डलीबाट निकालिए । उनले नयाँ समूहहरू सुरु गरे र अन्ततः सन् १९०९ मा द पेन्टिकोस्टल चर्च अफ् स्कटल्यान्डको जन्म भयो । द पेन्टिकोस्टल मिसन र पेन्टिकोस्टल चर्च अफ् स्कटल्यान्ड सन् १९१५ मा द पेन्टिकोस्टल चर्च अफ् द नाजरिनसँग एकत्रित भए ।

सन् १९१९ मा पाँचौ महासभाले सम्प्रदायको नाम चर्च अफ् द नाजरिनमा परिवर्तन गऱ्यो । उन्नाइसौँ शताब्दीको उत्तरार्द्धमा भएझैँ "पेन्टिकोस्टल" लाई बुझाउन प्रयोग हुने "पवित्रताको सिद्धान्त" लामो समय रहेन । जवान सम्प्रदायले पूर्ण उद्धारका लागि सुसमाचार प्रचार गर्ने आफ्नो मूल मिसन कायम राख्यो ।

................................

जोन वेस्ली, १७०३-१७९१, संस्थापक मेथोडिस्ट अभियान

महासभा, पाइलट प्वाइन्ट, टेक्सास (यू.एस.ए.), १३ अक्टोबर १९०८

# हाम्रो विश्वव्यापी मण्डली

**नाजरिनको मण्डली विश्वव्यापी मण्डली हो ।**

सन् १९१५ मा एकत्रित मण्डलीहरूले विश्वव्यापी प्रकृतिको सम्प्रदायको आकार लियो । त्यस समय नाजरिन मण्डलीहरू अर्जेन्टिना, केप बर्दे, क्यानाडा, क्युबा, ग्वाटेमाला, चीन, जापान, भारत, पेरू, मेक्सिको, संयुक्त अधिराज्य, संयुक्त राज्य र स्वाजिल्यान्डमा थिए । सन् १९३० सम्ममा यो मण्डली ट्रिनिल्यान्ड, दक्षिण अफ्रिका, प्यालेस्टाइन, बर्बाडोस, मोजाम्बिक, सिरियासम्म पनि पुग्यो । त्यसबेला जिल्ला निरीक्षकहरू भी.जी. सान्टिन (मेक्सिको), हिरोसी कितागावा (जापान) र सामुएल भुज्बाल (भारत) लगायतका राष्ट्रिय अगुवाहरू मुख्य थिए । अन्य समूहहरू सम्मिलित भएसँगै मण्डलीको अन्तराष्ट्रिय चरित्र विकास भएर गयो ।

जे.जी. मोरिस्सनले साधारण विश्वासीहरूको पवित्र सङ्गठनका श्रमिकहरू र डाकोटास, मिन्नेसोटा र मोन्टानामा १,००० भन्दा बढी सदस्यहरूलाई सन् १९२२ मा मण्डलीमा डोऱ्याए। चुङ् नाम सू (रोबर्ट चुङ) ले कोरियन पास्टरहरूका सञ्जाल र समूहहरूलाई सन् १९३० को दशकमा नाजरिन मण्डलीमा डोऱ्याए। अस्ट्रेलियामा ए.ए. बर्गको मातहतमा रहेका मण्डलीहरू सन् १९४५ मा नाजरिन मण्डलीमा एकत्रित भए । अल्फ्रेडो डेल रोस्सोले इटालियन मण्डलीहरूलाई सन् १९४८ मा यस सम्प्रदायमा डोऱ्याए । हेब्जिबाह फेथ मिसनरी एसोसिएसनका दक्षिण अफ्रिकी सेवकाइ र टाबोर, लोवामा रहेको यसको केन्द्र सन् १९५० तिर नाजरिनहरूसँग एकत्रित भए ।

सन् १९०७ मा डेभिड थोमसद्वारा लन्डनमा स्थापित द इन्टरनेस्नल होलिनेस मिसन कार्य दक्षिण अफ्रिकामा डेभिड जोन्सको मातहतमा विस्तार भयो। यसका मण्डलीहरू सन् १९५२ मा, जे.बी. मेक्लागनको मातहतमा बेलायत र अफ्रिकामा नाजरिनसँग एकिकृत भए। मेनार्ड जेम्स र ज्याक फर्डले सन् १९३४ मा ब्रिटेनमा कल्भरी होलिनेस चर्च सुरु गरे र यसलाई सन् १९५५ मा नाजरिनसँग एकत्रित गरे । फ्र्याङ्क गफद्वारा सन् १९१८ मा क्यानाडाको ओन्टारियोमा स्थापित द गोस्पल वर्कर्स चर्च सन् १९५८ मा नाजरिन मण्डलीमा सम्मिलित भयो। नाइजेरियनहरूले सन् १९४० को दशकमा इन्डिजेनस नाजरिन मण्डली स्थापना गरे र सन् १९८८ मा जेरेमिया यू. एकेदेमको मातहतमा यसलाई अन्तराष्ट्रिय निकायसँग एकत्रित गरे ।

नाजरिनको मण्डली बलियोसँग वृद्धि भएसँगै अन्तराष्ट्रिय सम्प्रदायको रूपमा यसको पहिचान दरिलो ढङ्गले स्थापित भयो । यी विकासहरूको प्रकाशमा, नाजरिनहरूले सचेत भई प्रायः अन्य धेरै प्रोटेस्टेन्ट मण्डलीहरूभन्दा एक फरक नमुना मण्डलीको विकास गरे। सन् १९७६ मा, एकआयोगले सम्प्रदायको भविष्यको जाँच गऱ्यो ।

सन् १९८० को महासभामा प्रस्तुत प्रतिवेदनले अन्तराष्ट्रियकरणका नीतिमा आधारित दुई सिद्धान्तहरू विचार विमर्श गरी स्वीकार गर्न सिफारिस गऱ्योः

**पहिलो**ः यसले नाजरिन मण्डलीहरू र जिल्लाहरूद्वारा सिर्जित "विश्वव्यापी विश्वासीहरूको सङ्गति जसमा उनीहरूका सांस्कृतिक परिवेशहरूको अस्तित्वलाई पूर्णरूपमा स्वीकारको" मान्यता दियो ।

**दोश्रोः** यसले "नाजरिन मण्डलीको फरक मिसन" अर्को शब्दमा "धर्मशास्त्रीय पवित्रतालाई फैलाउन ..... सम्झौता गर्न नसकिने मूल तत्वहरू जसले नाजरिनको चिनारी दिन्छ" साझा प्रतिबद्धतालाई पहिचान गऱ्यो ।

सन् १९८० को महासभाले विश्वासको सुत्रहरूको सेरोफेरोमा, "अन्तराष्ट्रिय धर्मशास्त्रीय एकरूपतालाई अङ्गीकार गऱ्यो । यसले सबै सेवकहरूका लागि धर्मशास्त्रीय शिक्षाको महत्वलाई पुष्टि गऱ्यो र विश्वका प्रत्येक क्षेत्रमा रहेका धर्मशास्त्रीय शिक्षण संस्थाहरूलाई पर्याप्त सहायताको निम्ति आह्वान गऱ्यो । यसले नाजरिनहरूलाई पवित्रता केन्द्रित एक परिपक्व अन्तराष्ट्रिय समुदाय बन्न आह्वान गऱ्यो । मानिसहरूलाई फुटाउने र राष्ट्र-राष्ट्रहरूबीच बलियो र कमजोर, लिने र दिने समूहमा विभाजित गराउने पुरानो औपनिवेशिक मानसिकतालाई चुनौती दिने प्रकारले यो समुदाय बलियोसँग जोडियो । सबै साझेदारहरूको बल र धारणाहरूलाई समान मान्यता दिने र संसारलाई हेर्ने दृष्टिकोणमै यसले नयाँ ढङ्गको शैली प्रदान गऱ्यो ।

त्यस समयदेखि प्रोटेस्टेन्टहरूमा फरक किसिमले नाजरिन मण्डलीको वृद्धि भयो । सन् १९९८ सम्म आइपुग्दा आधा नाजरिनहरू संयुक्त राज्य र क्यानाडामामात्रै सीमित रहेनन् । सन् २००१ को महासभामा प्रत्येक पाँच प्रतिनिधिहरूमध्ये दुई प्रतिनिधिहरूले अङ्ग्रेजी दोश्रो भाषाको रूपमा बोले अथवा राम्रोसँग बोलेनन् । केप बर्देको एक

अफ्रिकी युजेनियो डुआर्टे सन् २००९ मा महानिरीक्षकको रूपमा चुनिनुभयो ।

## अन्तराष्ट्रिय सेवकाइका भिन्न विशेषताहरू

नाजरिनका प्रयासहरू ऐतिहासिक रूपले सुसमाचार प्रचार, सामाजिक सेवा र शिक्षामा केन्द्रित भएका छन् । यी कार्यहरू अन्तर-सांस्कृतिक मिसनरीहरू, हजारौँ पास्टरहरू र विश्वासीहरूको आपसी सहकार्यमा फस्टिदै आए । यी सेवकहरूले उनीहरूको आ-आफ्नै संस्कृति अनुसार वेस्लियन सिद्धान्तलाई अनुकुल बनाए ।

विभिन्न सांस्कृति समूहहरूमा काम गर्ने नाजरिनहरूद्वारा सुसमाचार फैलाउनका लागि हिराम एफ्. रेनोल्डस् विश्व सुसमाचारको अवधारणा स्थापना गर्ने अगुवा भए । महानिरीक्षकको रूपमा २५ वर्षसम्म रहँदा उनले मिसनको पक्षमा लगातार पैरवी गरे र सम्प्रदायको प्राथमिकता हाम्रो मिसनरी प्रयासहरू उठाउने हुनुपर्छ भन्ने कुरामा सहायता गरे । एक संस्थाको रूपमा नाजरिन मिसन इन्टरनेसनलले १९१५ देखि शिक्षाको प्रवर्द्धन र मिसनरी प्रयासहरूका लागि पैसा उठाउन यो समुदाय संसारभर क्रियाशील रहेको छ ।

सुरुका नाजरिनहरू दयावान् मानिसहरू थिए । तिनीहरूले भारतमा परेको अनिकालमा सहायता गरेर, अनाथ-गृह स्थापना गरेर, अविवाहित केटीहरू तथा महिलाहरूका लागि मातृ कल्याण गृहहरू बनाइदिएर र दुर्व्यसनी तथा घर नभएकाहरूका लागि नगरीय मिसन सञ्चालन गरेर परमेश्वरको साक्षी बने । सन् १९२० को दशकमा मण्डलीको सामाजिक सेवाको प्राथमिकताहरू चिकित्सा-शास्त्रमा स्थानान्तरित भयो । नाजरिन मण्डलीले चीन र स्वाजिल्यान्ड त्यसपछि भारत र पपुआ न्यू गिनीमा पनि अस्पतालहरू निर्माण गऱ्यो । नाजरिन चिकित्सा व्यवसायीहरूले बिरामीको सेवा गरे, अपरेसन गरे, नर्सहरूलाई

तालिम दिए र विश्वका केही अत्यन्त गरीब मानिसहरूमाझ स्वास्थ्य शिविरहरू प्रायोजन गरे । यो मण्डलीले कुष्ठरोग जस्तो विशेषज्ञ सेवा अफ्रिकामा स्थापना गऱ्यो ।

सन् १९८० को दशकमा, यस मण्डलीले नाजरिन परोपकार सेवाको सुरुवात गऱ्यो । यसले बृहत् ढङ्गमा आजको दिनसम्म सामाजिक सेवाहरू: बाल सहयोग, प्रकोप सहायता, एड्स शिक्षा, अनाथहरूलाई सहयोग, पानीका परियोजना, खाद्यन्न वितरण र अन्य धेरै कार्यहरूमा संलग्न हुन अनुमति दियो ।

बाल सङ्गति र बाइबल अध्ययन नाजरिनका विश्वासीहरूका लागि सधैँ जीवनको अभिन्न अङ्ग भएको छ । तिनीहरूले ख्रीष्टजस्तै चेलापन निर्माणमा अर्थपूर्ण भूमिका निर्वाह गर्छन् । मण्डलीले सुरुका वर्षहरूदेखि आधारभूत शिक्षा र साक्षरतामा लगानी गरेको छ । सन् १९०५ मा महिलाहरूको लागि कलकत्तामा स्थापित होप स्कुल यसको पहिलो उदाहरण हो । नाजरिन विद्यालयहरूले अझ सामाजिक, आर्थिक साथै धार्मिक जीवनको चौतर्फी पक्षहरूमा सहभागी हुन विश्वभरिका विद्यार्थीहरूलाई तयार पार्छन् । संयुक्त राज्यमा, बीसौं शताब्दीको मध्यसम्म धेरै नाजरिन विश्वविद्यालयहरूमा आधारभूत र माध्यमिक विद्यालयहरू संलग्न थिए ।

नाजरिनका संस्थापकहरूले महत्वपूर्ण ढङ्गले उच्चशिक्षामा लगानी गरे । पास्टरहरू र इसाई कामदारहरूका लागि तालिम अत्यावश्यक छ भनी उनीहरूले विश्वास गरे । जनपदीयहरूको गठनका लागि पनि यो महत्वपूर्ण थियो । उच्च शिक्षाको अन्तराष्ट्रिय समितिले अफ्रिका, ब्राजिल, क्यानाडा, क्यारिबियान, कोरिया र संयुक्त राज्यस्थित मानवीय संकायका कलेज तथा विश्वविद्यालयहरू लगायत विश्वभरि रहेका उच्च शिक्षण संस्थाहरू सूचीबद्ध गरेको छ । भारत र पपुआ न्यू गिनीमा नर्सिङ कलेजहरू छन् । अझै मण्डलीले विश्वका छवटा

क्षेत्रहरू (अफ्रिका, एसिया-प्यासिफिक, युरासिया, मेसोअमेरिका, दक्षिण अमेरिका र यु.एस.ए.-क्यानाडा) मा बाइबल कलेजहरू लगायत अस्ट्रेलिया, कोस्टारिका, बेलायत, फिलिपिन्स र संयुक्त राज्यहरूमा ग्राजुएट स्कुल अफ् थियोलजी सञ्चालन गरेको छ ।

विश्वभरि छरिएर रहेका विश्वासीहरूको विश्वव्यापी समुदायको रूपमा नाजरिन मण्डली समयको वेगसँगै वृद्धि भएको छ । वेस्लियन परम्परामा रहेर, मण्डलीले आफ्ना मानिसहरूलाई “क्रिस्चियन, पवित्रता, र मिसनल” (आधारभूत मान्यताहरू खण्ड हेर्नुहोला) । नाजरिनहरूले मण्डलीको “राष्ट्रहरूमा ख्रीष्टजस्तै चेलाहरू निर्माण” भन्ने मिसन स्टेटमेन्टलाई अङ्गाल्छ ।

---

बीसौं महासभाको लेख, नाजरिन मण्डली, (१९८०), २३२, फ्र्याङ्कलिन कुक, द इन्टरनेस्नल डाइमेन्सन् (१९८४): ४९ ।

# हाम्रो आधारभूत मान्यताहरू

### १. हामी क्रिस्चियन हौं ।

विश्वव्यापी मण्डलीका सदस्यहरू भएकाले येशू ख्रीष्टको प्रभुत्व घोषणा गर्न र क्रिस्चियन विश्वासको ऐतिहासिक त्रयात्मक सिद्धान्तहरू र आस्थाहरू अङ्गाल्न हामी सबै सच्चा विश्वासीहरूसँग एक हुन्छौं । हामी वेस्लियन पवित्रताको पैतृक सम्पत्तिलाई कदर गर्छौं । धर्मशास्त्र, विवेक, परम्परा र अनुभवप्रति सत्य रहेको विश्वासलाई सम्झने यो नै बाटो हुनुपर्नेमा हामी विश्वास गर्छौं ।

येशू ख्रीष्टको प्रभुत्वको घोषणा गर्दै हामी सबै विश्वासीहरूसँग एक हुन्छौं । हामी विश्वास गर्छौं कि ईश्वरीय प्रेममा परमेश्वरले सबै मानिसहरूलाई पाप क्षमा र स्थापित सम्बन्ध प्रदान गर्नुहुन्छ । हामी विश्वास गर्छौं परमेश्वरसँग मिलापमा रहेर परमेश्वरले हामीलाई प्रेम

गरेझैँ एक अर्कालाई प्रेम गर्दै र उहाँले हामीलाई क्षमा गरेझैं एक अर्कालाई क्षमा गर्दै हामी एक आपसमा पनि मिलापमा रहन सक्छौं । एक साथको हाम्रो जीवनले खीष्टको चरित्र झल्काउँछ भन्ने कुरामा हामी विश्वास गर्छौं यसप्रकार हामी खीष्टको मण्डली र खीष्टका शरीर हौं र हामी खीष्टको मण्डलीको त्यो शरीरको एकता प्रकट गर्छौं । खीष्टको एउटै शरीरको रूपमा हामीसँग “एउटै प्रभु, एउटै विश्वास, एउटै बप्तिस्मा” छ (एफिसी ४:५,३) ।

## २. हामी पवित्रजन हौं

परमेश्वर जो पवित्र हुनुहुन्छ, उनैले हामीलाई पवित्रताको जीवनको निम्ति बोलाउनुहुन्छ । हामी विश्वास गर्छौं, पवित्र आत्माले हामीमा अनुग्रहको दोस्रो कामः खोजी गर्नुहुन्छ, जसलाई “पवित्रीकरण र पवित्र आत्माको बप्तिस्मा” - हाम्रा पापहरू सबै पखाल्ने परमेश्वरको स्वरूपमा नवीकरण गर्ने, सारा प्राण, आत्मा, हृदय र शक्तिले परमेश्वरलाई प्रेम गर्ने, आफैंलाई झैं छिमेकीलाई प्रेम गर्न सक्ने गरी सुसज्जित गर्दै खीष्टको चरित्र निर्माण लगायतका कुराहरू भन्न सकिन्छ । विश्वासीहरूको जीवनमा भएको पवित्रतालाई खीष्टसमान हुनु भनेर स्पष्टसँग बुझिन्छ ।

यो पवित्र आत्माको काम हो, जसले परमेश्वरको स्वरूपलाई पुनर्स्थापित र हामीमा खीष्टको चरित्र उत्पन्न गराउँछ ।

किनभने हामी धर्मशास्त्रद्वारा बोलाइएका र परमेश्वरको आराधना र उहाँलाई सारा हृदय प्राण, मन र शक्तिले प्रेम गर्न र हाम्रो छिमेकीलाई आफैंलाई झैं प्रेम गर्न दोस्रो सङ्कटपूर्ण अनुभवको रूपमा हामी पूर्ण पवित्रीकृत हुन्छौं भनी विश्वास गर्दै पूर्ण रूपले परमेश्वरप्रति वचनबद्ध हुनलाई खिचिएका छौं । हामी विश्वास गर्छौं, जब पवित्र आत्माले हाम्रो दोष देखाउनुहुन्छ, हामीलाई शुद्ध पार्नुहुन्छ, भर्नुहुन्छ र हामीलाई

परमेश्वरको अनुग्रहमा प्रेम, धीरजी, नैतिक शुद्धता, दया र न्याय भएका मानिसहरूमा दिन-प्रतिदिन परिवर्तन गर्नुहुन्छ । पवित्र आत्माको कामले नै हामीलाई परमेश्वरको स्वरूपमा पुनस्थापित र हामीमा ख्रीष्टको स्वभाव उत्पन्न गराउँछ ।

हामी विद्यमान अस्तित्वमा नभएको कुरामा हुनलाई बोलाउनुहुने सृष्टिकर्ता परमेश्वर पितामा विश्वास गर्छौं । हामी एकपल्ट अस्तित्वमा थिएनौं तर परमेश्वरले हामीलाई अस्तित्वमा हुनका लागि बोलाउनुभयो, हामीलाई उहाँकै निम्ति सृजनुभयो र उहाँको आफ्नै स्वरूपमा सृष्टि गर्नुभयो । हामी परमेश्वरको रूप धारण गर्न नियुक्त गरिएका छौं, “म परमप्रभु तिमीहरूका परमेश्वर हुँ; तिमीहरू आफूलाई अर्पण गरेर पवित्र होओ किनकि म पवित्र छु” (लेवी ११:४४) ।

## ३. हामी सुसमाचारीय सेवामा समर्पित मानिस हौं

हामी ख्रीष्टको बोलावटलाई थाहा गरी, ख्रीष्टको प्रभुत्वको साक्षी दिदै मण्डली स्थापना गर्न र उहाँको राज्य विस्तार गर्न सारा संसारमा जानका लागि पवित्र आत्माद्वारा सुसज्जित गरी पठाइएका मानिसहरू हौँ (मत्ती २८:१९-२०; २ कोरिन्थी ६:१) । हाम्रो मिसन क) आराधनाको सेवकाई, ख) संसारमा प्रचार र दयाभावको सेवकाई, ग) चेलापनद्वारा विश्वासीहरूलाई इसाई परिपक्वतामा उत्प्रेरित सेवकाई र घ) स्त्री तथा पुरुषलाई इसाई उच्च शिक्षाद्वारा सेवाको लागि तयार गर्ने सेवकाई ।

## क. आराधनाको सेवकाई

संसारभर मण्डलीको सेवकाई आराधनाबाट सुरु हुन्छ । परमेश्वरको सामु एकसाथ भेला भएर आराधनामा भजनगान, बाइबल वाचनको सुनुवाई, भेटी र दशांश प्रदान, प्रार्थना, प्रचारित वचन सुनुवाई,

बप्तिस्मा र प्रभु भोजमा सामेल जस्ता कुराहरूले परमेश्वरका जनहरू हुनुको अर्थ के हो सो हामी स्पष्टसँग जान्दछौं । मुख्यतया परमेश्वरको काम यस संसारमा हाम्रो सेवकाइमा समावेश गरिने नयाँ सदस्यहरूको मण्डली सङ्गतिमा ग्रहण र नयाँ आराधना झुन्डहरूको अगुवाई जस्ता कुरामा पूराहुन्छ भनी हामी विश्वास गर्छौं ।

आराधना परमेश्वरप्रतिको हाम्रो प्रेमको उच्च अभिव्यक्ति हो ।

आराधना परमेश्वरप्रतिको हाम्रो प्रेमको उच्च अभिव्यक्ति हो । यो अनुग्रह र कृपामा हामीलाई उद्धार गर्नुहुने प्रतिको ईश्वर-केन्द्रित आदर हो । आराधनाको लागि प्राथमिक स्थान स्थानीय मण्डली हो, जहाँ परमेश्वरका जनहरू स्वार्थ वा आत्म-गौरवका लागि नभई बरु आत्मसमर्पण र आत्म-बलिदानका लागि भेला हुन्छन् । आराधना प्रेम र आज्ञाकारितामा परमेश्वरप्रति मण्डलीको सेवकाई हो ।

## ख. दयाभाव र सुसमाचार प्रचारको सेवकाई

परमेश्वरमा समर्पित प्रभुका जनहरू भएको नाताले हराएकाहरू बिचमा हामी उहाँको प्रेम र  गरीब अनि आशाविहीनकामाझ उहाँको दया बाँड्छौं । महान् आज्ञा (मत्ती २२:३६-४०) र महान् आदेश (मत्ती २८:१९-२०) ले हामीलाई विश्वभर सुसमाचार प्रचार गर्न दया र न्यायोचित काममा संलग्न हुन अघि बढाउँछ । यो लक्ष्य प्राप्तिका लागि मानिसहरूलाई विश्वासमा ल्याउन, खाँचोमा परेकाहरूको हेरचाह गर्न, अन्याय विरुद्ध र थिचोमिचोमा परेकाहरूका लागि खडा हुन, परमेश्वरको सृष्टिका स्रोतहरूको सुरक्षा तथा संरक्षणका कामहरू गर्न, र परमेश्वरको नाउँमा बोलाइएका जति सबैलाई हाम्रो सङ्गतिमा सहभागी गराउन हामी प्रतिबद्ध छौं ।

यस किसिमको सेवकाइद्वारा मण्डलीले संसारमा परमेश्वरको प्रेम प्रदर्शन गर्छ । बाइबलको कथा, येशू ख्रीष्टद्वारा भएको संसार र

परमेश्वरको मिलापको कथा हो (२ कोरिन्थी ५:१६-२१) । सुसमाचार प्रचार गर्न, दया र न्यायको सेवकाइद्वारा परमेश्वरमा सहभागी हुन मण्डलीलाई संसारमा पठाइएको हो ।

## ग. हाम्रो चेलापनको सेवकाई

हामी येशूका चेला हुन र अरूहरूलाई उहाँको चेला हुनकालागि आमन्त्रण गर्न समर्पित छौं । यो सङ्कल्पलाई ख्याल गरी, चेलापनका माध्यमहरू (बाल सङ्गति, बाइबल अध्ययन, एक-अर्काप्रति जिम्मेवार स-साना टोलीहरू आदि) द्वारा विश्वासीहरूमा भएको इसाई विश्वासको बुझाई र उनीहरू एक-अर्काबीचको सम्बन्ध र परमेश्वरसँगको सम्बन्धमा वृद्धि हुन उत्साह दिन्छौं । हामी आफैंलाई परमेश्वर र विश्वासका अनुशासनहरूमा समर्पण गर्नु नै चेलापन हो भनी बुझ्दछौं । हामी विश्वास गर्छौं, पवित्र जीवन यापनकालागि आपसी सहयोगद्वारा हामी एकले अर्कोलाई सहायता, सङ्गति र प्रेमिलो जिम्मेवारी वहन गर्छौं । जोन वेस्लीले भनेका छन्, "परमेश्वरले हामीलाई एक-अर्काको हात बलियो पार्न एक-अर्काको साथ दिनुभएको छ ।"

चेलापन एउटा माध्याम हो, जुन माध्यम मार्फत पवित्र आत्माले हामीलाई विस्तारै खीष्टतर्फ परिपक्वतामा ल्याउनुहुन्छ ।

इसाई चेलापन एक जीवनशैली हो । चेलापन हामीले संसारमा परमेश्वरको इच्छाअनुसार जीवन कसरी बिताउने भनेर सिक्ने प्रक्रिया हो । परमेश्वरको वचनको आज्ञाकारितामा जिउने विश्वासको अनुशासनमा समर्पण हुने र एक-अर्का प्रतिको जवाफदेहिता सिक्ने क्रममा अनुशासित जीवनको साँचो आनन्द र खीष्टियन स्वतन्त्रताको अर्थ हामी बुझ्न सुरु गर्छौं । चेलापन केवल नीति तथा नियमहरू पेश गर्ने मानव प्रयास होइन । चेलापन एउटा माध्यम हो, जसद्वारा पवित्र आत्माले हामीलाई विस्तारै खीष्टतर्फ परिपक्वतामा

ल्याउनुहुन्छ। यो चेलापनद्वारा हामी इसाई चरित्र भएका जनहरू बन्छौं। चेलापनको अन्तिम लक्ष्य येशू ख्रीष्टको स्वरूपमा परिवर्तन हुनु हो (२ कोरिन्थी ३:१८)।

## घ. हाम्रो ख्रीष्टियन उच्च शिक्षाको सेवकाई

हामी ख्रीष्टियन शिक्षामा प्रतिबद्ध छौं, जसद्वारा महिला तथा पुरुषहरू इसाई सेवा जीवनको लागि सुसज्जित हुन्छन्। हाम्रा सेमिनारीहरू, बाइबल कलेजहरू, महाविद्यालयहरू र विश्वविद्यालयहरूमा ज्ञानको खोज, इसाई चरित्र निर्माण र हाम्रा अगुवाहरूलाई सुसज्जित गराई मण्डली तथा संसारमा ईश्वरीय बोलावट पूरा गर्न हामी प्रतिबद्ध छौं।

इसाई उच्च शिक्षा नाजरिन मण्डलीको सेवकाइको मुख्य भाग हो। नाजरिन मण्डलीको प्रारम्भिक वर्षहरूमा, परमेश्वरका जनहरूलाई अगुवापन र वेस्लियन-पवित्रताको जागृति फैलाउने उद्देश्यले इसाई उच्च शिक्षण संस्थाहरू खुलेका थिए। इसाई उच्च शिक्षाप्रति हाम्रो वर्षौंदेखिको निरन्तर प्रतिबद्धताले सेमिनारीहरू, बाइबल स्कुलहरू, कलेजहरू र विश्वविद्यालयहरूको विश्वव्यापी सञ्जाल खडा गरेको छ।

# हाम्रो मिसन

## नाजरिन मण्डलीको मिसन राष्ट्रहरूमा ख्रीष्टजस्तै चेलाहरू निर्माण गर्नु हो ।

विश्वव्यापी विश्वासको समुदायको रूपमा येशूद्वारा दिइएको महान् आज्ञा पूरा गर्न हामी प्रतिबद्ध छौं (मत्ती २८:१९) । अझ स्पष्टरूपमा भन्नुपर्दा हामी संसारभरि भएका मानिसहरूलाई येशू ख्रीष्टमा नयाँ जीवनको सुसमाचार दिन्छौं । संसारका सबै ठाउँहरूमा हामी धर्मशास्त्रीय पवित्रताको ख्रीष्टजस्तै जीवन जिउने सन्देश फैलाउँछौं ।

येशू ख्रीष्टलाई आफ्नो जीवनको प्रभु भनी स्वीकारेका मानिसहरूलाई नाजरिनको मण्डलीले एकत्रित गर्दछ । हामी इसाई सङ्गतिमा एकसाथ आउँछौं र आराधना, प्रचार, तालिम र अरूको सेवाद्वारा हामी एक-अर्काप्रति विश्वासमा बलियो हुने इच्छा गर्छौं ।

ख्रीष्टजस्तै जिउने प्रतिबद्धताका साथ सबै व्यक्तिहरूलाई येशू ख्रीष्टको दया देखाउन कोसिस गर्छौं ।

जब मण्डलीको पहिलो उद्देश्य परमेश्वरलाई महिमा दिनु हुन्छ, हामी

पनि संसारलाई उहाँसँग मिलाप गराउन उहाँको मिसनमा सक्रियरूपले सहभागी हुनका लागि बोलाइएकाहरू हुन्छौं ।

हाम्रो मिसनका सबै ऐतिहासिक सिद्धान्तहरू: यसले सुसमाचार प्रचार, पवित्रीकरण, चेलापन र दयाभाव जस्ता समावेश गर्छ । यी सबैलाई हामीले एकै शब्दमा ल्याउँदा: “ख्रीष्टजस्तै”–पवित्रताको सार हुन्छ ।

नाजरिनहरू घरघर, कार्यथलो, समुदाय, सहर र देशहरूमा पठाइएका मानिसहरू हुन् । अहिले विश्वका सबै क्षेत्रहरूबाट मिसनेरीहरू पठाइएका छन् ।

पवित्र आत्माको सहायताद्वारा साधारण मानिसहरूलाई असाधारण काम गर्न सक्ने बनाउनका निम्ति बोलाउने कार्यलाई परमेश्वरले निरन्तरता दिनुहुन्छ ।

# हाम्रो नाजरिन विशेषताहरू

सन् २०१३ को महासभामा महानिरीक्षकहरूको समितिद्वारा नाजरिन मण्डलीका सात विशेषताहरू प्रस्तुत गरिएको छ:

१. सार्थक आराधना

२. धार्मिक सामंजस्य

३. उत्कट सुसमाचार

४. अभिप्रायगत चेलापन

५. मण्डली विकास

६. रूपान्तरणीय नेतृत्व

७. उद्देश्यपूर्ण सहानुभूति

यी वर्णनहरूले राष्ट्रहरूमा ख्रीष्ट जस्तै चेला निर्माण वा ख्रीष्टियन पवित्रता र सेवा समर्पित आधारभूत मान्यताहरूको मिसनको स्थान

लिदैनन् । बरु यी विशेषताहरूले हाम्रो विश्वासलाई प्रत्येक नाजरिन मण्डलीले चरित्र चित्रण गर्ने र सबैतिर नाजरिनहरूको ठूलो हिस्सा प्रतिविम्बित हुने कुराको वर्णन गर्दछन् । हामी यी विशेषताहरूलाई मण्डलीका अगुवाहरूले महत्व दिन र सबै विश्वासीहरूले मूर्तरूप दिई अगाडि बढ्न जोडसँग आग्रह गर्छौं । यी विशेषताहरू विश्वव्यापी मण्डलीका लागि कसरी यथार्थ बन्न सक्छन् खोज गरौं ।

# १. सार्थक आराधना

## आराधनाका लागि आह्वान

आओ, परमप्रभुको निम्ति हामी आनन्दले गाऔं, हाम्रो उद्धारको चट्टानकहाँ चर्को सोरले कराऔं ।

धन्यवाद चढाउँदै उहाँको सामुन्ने आऔं, भजन र गीतले उहाँको प्रशंसा गरौं ।

किनकि परमप्रभु महान् परमेश्वर हुनुहुन्छ, सारा देवहरूमाथिका महाराजा ।

उहाँको बाहुलीमा पृथ्वीका गहिरा-गहिरा स्थानहरू छन्, र पहाडका शिखरहरू उहाँकै हुन् ।

समुद्र उहाँको हो, उहाँले नै त्यसलाई बनाउनुभएको हो, र सुक्खा भूमि उहाँले नै रच्नुभएको हो ।

आओ, दण्डवत् गरौं र निहुरौं, हाम्रा सृष्टिकर्ता परमेश्वरकै सामु घुँडा टेकौं,

किनभने उहाँ नै हाम्रा परमेश्वर हुनुहुन्छ, र हामी उहाँको खर्कका प्रजा, र उहाँका हातका भेडाहरू हौं ।

-भजनसङ्ग्रह ९५:१-७क

हामी निश्चयताका साथ भन्न सक्छौं कि, उहाँको आराधना गर्नु भनेको उहाँलाई हाम्रो उद्धारको चट्टान महान परमेश्वर सबै देवहरूभन्दा माथि महाराजा, सम्पूर्ण कुराहरूको सृष्टिकर्ता र सबै मानिसहरूको वास्ता गर्ने गोठालोको रूपमा स्वीकार्नु हो ।

**क.** येशूका चेलाहरू उहाँको उपस्थितिमा बसे र येशूसँग सम्बन्धको फलस्वरूप उनीहरूले अन्य मानिसहरूको बीचमा सेवकाइ गरे ।

- येशूले चेलाहरूलाई सेवकाई गर्न संसारमा पठाउनुभयो (मत्ती १०) ।
- पछिबाट उहाँले चेलाहरूलाई पवित्र आत्मामा भरपुर हुनु आवश्यक छ भन्ने कुरा बताउनुभयो । जसै तिनीहरूले माथिल्लो कोठामा पर्खिबसे, येशूले प्रतिज्ञा गर्नुभएबमोजिम पवित्र आत्मा तिनीहरूमा आउनुभयो (प्रेरित २) ।
- जब चेलाहरूले संसारमा सेवकाइ सुरुगरे, तिनीहरू परमेश्वरका राजदूतहरू भए ।
- तिनीहरूले मिलापको सन्देशकासाथ मिलापको मिसन ल्याए (२ कोरिन्थी ५:११-२१) ।
- पावलले भने, “यसकारण हामी ख्रीष्टका राजदूतहरू हौँ, र परमेश्वरले हामीद्वारा अनुरोध गरिरहनुभएको छ । ख्रीष्टकै पक्षमा हामी तिमीहरूलाई बिन्ती गर्दछौँ, कि तिमीहरू परमेश्वरसँग मिलापमा आओ । किनकि हामी उहाँमा परमेश्वरको धार्मिकता बन्न सकौँ भनेर पाप नचिन्नुहुनेलाई परमेश्वरले हाम्रा खातिर पाप बनाउनुभयो” (२ कोरिन्थी ५:२०-२१) ।

**ख.** येशूले आफ्ना चेलाहरूलाई महान् आज्ञासाथ चुनौती दिनुभयो । “यसकारण जाओ, र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ,

मैले तिमीहरूलाई आज्ञा गरेको सबै कुरा पालन गर्न तिनीहरूलाई सिकाओ । हेर, म युगको अन्त्यसम्म सधैँ तिमीहरूका साथमा छु" (मत्ती २८:१९-२०) ।

वास्तवमा यही आज्ञा पूरा गर्न एन्टिओकमा भएको सार्थक आराधना पछ्याउँदै प्राचीन मण्डली सुरु भयो (प्रेरित १३:१-४) ।

**ग.** जब उपवास र प्रार्थनाको आत्मिक अनुशासन अध्यास गर्छौं, सार्थक आराधनाले स्थान लिन्छ ।

- पवित्र आत्माले तिनीहरूलाई अरू आत्मा जित्न र उनीहरूको विश्वासमा ल्याउन बाहिर पठाउनुहुन्छ ।
- यो आराधनाको सवालमा लागू हुन्छ ।
- आराधनाले हामीलाई प्रेरणा दिन्छ र परमेश्वरको शक्ति हामीमा खन्याइदिन्छ ।
- आराधनाले हाम्रो जीवनलाई ख्रीष्टमा पुर्ननिर्देश गर्छ । यो सम्पूर्ण विश्वासीहरूका लागि येशूको प्रतिरूपमा ढालिन परमेश्वरले प्रयोग गर्नुभएको अत्यावश्यक आत्मिक अनुशासन हो । हामीले हाम्रो जीवनमा दुवै व्यक्तिगत र सामूहिक आराधनाको सुसङ्गत अभ्यास गर्नुपर्छ ।

**घ.** आराधनाले परमेश्वरको निम्ति उहाँको आफ्नै तरिकाले सामूहिक सेवाहरूका लागि हामीबिच परिचालित हुन समय प्रदान गर्छ ।

- सुरुको मण्डलीले समिति वा सेमिनारहरूमार्फत काम गर्दैनथ्यो ।
- यसको सट्टा तिनीहरू पटक पटक सामुदायिक आराधना सेवामा भेला हुन्थे र परमेश्वरलाई उनीहरूबीच स्वतन्त्ररूपमा काम गर्न दिन्थे ।
- हामीले हाम्रा योजनाहरू रोकेर परमेश्वरलाई उहाँको योजना

हामीमाझ पूरा गर्न दिने इच्छा गर्नुपर्छ ।

**ङ** सार्थक आराधनाले आशाकासाथ पर्खनेहरूलाई परमेश्वर स्वतन्त्रपूर्वक उनीहरूमा चल्न स्थान प्रदान गर्छ ।

- परमेश्वरको निम्ति उहाँ आफैं हामीमा प्रकटन हुन र उहाँको आफ्नै तरिका र समयमा हामीलाई विश्वस्त पार्न, छुन, बचाउन र मानिसहरूलाई पवित्र तुल्याउन हामीले समय प्रदान गर्नुपर्छ ।
- परमेश्वरले हामीलाई सङ्गतिमा भेट्नुहुन्छ र चलाउनुहुन्छ भन्ने आशाकासाथ हामी प्रत्येक आराधना सङ्गतिमा आउनुपर्छ ।
- आराधनाका निम्ति प्रत्येक हप्ता भेला हुने सहभागीको रूपमा हामीलाई परमेश्वरले चलाउनुहुन्छ र उहाँले मात्रै काम गर्न सक्नुहुन्छ भनी आशा गर्नुपर्छ । विधि पूरा गर्नमात्रै भेला हुने बानीले हामी कहिल्यै खुसी हुन सक्दैनौं ।

**च.** परमेश्वरका सन्तान प्रत्येक हप्ता एकसाथ भेला हुनुपर्छ, जसबाट उनीहरू शक्तिशाली रूपले परमेश्वरको आत्माद्वारा मोहित भएका हुन्छन् ।

- परमेश्वरको आत्माद्वारा क्रियाशील मानिसको आत्माको विकल्प अरू केही हुन सक्दैन ।
- यो अर्थपूर्ण सामूहिक आराधनाको समयमा उत्तम हुन्छ ।

## २. धर्मशास्त्रीय सामंजस्य

**क.** हाम्रो नाजरिन आवाज वृहत् इसाई मण्डलीभित्र सुनिनुपर्छ ।

- यसले धर्मशास्त्रीय रूपमा हामी को हौं भन्ने जनाउँछ ।
- यसले हामीलाई कुन कुराले काम गर्न उत्प्रेरित गर्छ र हाम्रो

विश्वासलाई दैनिक जीवनमा कसरी बचाइ राख्छौं भन्ने कुरा पुष्टि गर्छ ।

**ख.** धर्मशास्त्रीय सामंजस्यको निम्ति यी हाम्रा स्रोतहरू हुन् ।

- **धर्मशास्त्रः** ख्रीष्टमा हाम्रो पहिचानका लागि पवित्र धर्मशास्त्र आधारभूत र अत्यावश्यक हुने कुरामा हामी विश्वास गर्छौं ।
- **इसाई परम्पराः** हामी दुईहजार वर्षदेखि इतिहास बोकेको शास्त्रसम्मत शिक्षामा आधारित इसाई परम्पराहरूलाई उत्सवको रूपमा मनाउँछौं ।
- **कारणः** हामी विश्वास गर्छौं, परमेश्वरको आत्माले हामीलाई बुद्धि र विवेकी समझ दिनुहुन्छ ।
- **व्यक्तिगत अनुभवः** हामी विश्वास गर्छौं, परमेश्वरले ख्रीष्टलाई पछ्याउनेहरूको जीवनमा र उनीहरूद्वारा काम गर्नुहुन्छ ।

**ग.** यी विश्वासहरूले हामीलाई धर्मशास्त्रीय सामंजस्य प्रदान गर्छन् ।

- हामी ख्रीष्टियन हौं ।
- हामी त्रिएक परमेश्वर -पिता, पुत्र र पवित्र आत्मामा हाम्रो विश्वास पक्का गर्छौं ।
- हामी येशू ख्रीष्टलाई परमेश्वरको पुत्रको रूपमा विश्वासको पुष्टि गर्छौं ।
- हामी शास्त्र सम्मत सिद्धान्तहरू र ख्रीष्टियन मण्डलीहरूका परम्पराहरूलाई पकड्छौं ।
- हामी येशू ख्रीष्टलाई त्रिएकको दोश्रो व्यक्तिको रूपमा विश्वास गर्छौं ।
- हामी प्रोटेस्टेन्ट हौं ।
- हामी उद्धारका लागि अनुग्रहद्वारा विश्वासमार्फत आउने पापमोचनमा विश्वास गर्छौं ।

- हामी धर्मशास्त्रको अख्तियारलाई उच्च स्थान दिन्छौं ।
- हामी सबै विश्वासीहरूको पुजाहारीपनमाथि विश्वास गर्छौं ।
- हामी प्रवचनलाई आराधना अनुभवको केन्द्रिय चित्रणको रूपमा पक्का गर्छौं र प्रवचन मञ्चलाई मण्डली वेदीको केन्द्रमा राख्छौं ।
- हामी विश्वास गर्छौं, आत्मिक वरदानहरू ख्रीष्टको देह सबै विश्वासीहरूबीच वितरित हुन्छन् ।
- हामी सुसमाचारवादी हौं ।
- हामी पापक्षमा र ख्रीष्टको स्वरूपमा हुने चरित्र-रूपान्तरणको माध्यमद्वारा येशूख्रीष्टसँग व्यक्तिगत सम्बन्धको सम्भावना र आवश्यकतामा विश्वास गर्छौं ।
- हामी विश्वासका लागि परिवर्तित जीवनशैलीमार्फत आउने गवाहीमा विश्वास गर्छौं ।
- हामी वेस्लियन हौं ।
- हामी परमेश्वरको मौलिक स्वभाव वरिपरि “सबै धर्मशास्त्रको विकास हुन्छ भनी सबै विश्वास गर्छौं-“परमेश्वर प्रेम हुनुहुन्छ” (१ यूहन्ना ४:८) ।
- हामी विश्वास गर्छौं, मानिसले परमेश्वरसँग अर्थपूर्ण सम्बन्ध राख्न आफ्नो स्वतन्त्र इच्छा प्रयोग गर्छ ।
- हामी विश्वास गर्छौं, परमेश्वरले मानिसलाई अनुग्रह र दया गर्नुहुन्छ ।
- हामी विश्वास गर्छौं, पूर्ववर्ती अनुग्रहले मानिसलाई पापमा फस्नबाट जोगाउँछ, र परमेश्वरतिर फर्काउँछ ।
- व्यक्तिमा परमेश्वरको खोजी, उद्धार, बचाऊ, पवित्रीकरण र पर्याप्त अनुग्रहका कामहरूले व्यक्तिलाई उहाँको सन्तान

बनाउँछ र ख्रीष्टियान यात्रामा विजय दिलाउँछ भन्ने कुरामा हामी विश्वास गर्छौं ।

एउटा व्यक्तिको जीवनमा पापको शक्तिलाई अनुग्रहको आशावादले तोड्छ र व्यक्तिलाई हृदयदेखि प्रेममा परमेश्वरको आज्ञापालन गर्ने रूपमा एक पापी मानिसबाट परमेश्वरको बालकमा बदल्छ भनी हामी विश्वास गर्छौं ।

- पवित्रता र पवित्रीकरण यस जीवनमा नै सम्भव छ ।
- हामी आत्माको साक्षीमा विश्वास गर्छौं ।
- परमेश्वरले व्यक्तिलाई उनका पापहरू क्षमा गर्नुभएको छ, ख्रीष्टको रगतले विगतका पापहरू ढाक्नुहुन्छ र दैनिक विजय गराउनुहुन्छ भनेर जानकारी गराउने निश्चयतामा विश्वास गर्छौं ।
- जीवनका दैनिक निर्णयहरू गर्न व्यक्तिलाई अगुवाई गर्न आत्माले अगुवाई गरेको मार्ग दर्शनमा विश्वास गर्छौं । परमेश्वरको आत्माले उहाँका छोराछोरीहरूलाई तत्काल अगुवाई र जीवन यात्रा दिशा बोधको परीक्षण गर्न सक्छ ।

**घ.** हामी विश्वास गर्छौं, पवित्र जीवनका चार आधारभूत पक्षहरू छन् ।

- ख्रीष्टको स्वरूप - हामी पवित्र आत्माको कार्यमार्फत येशूको प्रतिरूपमा दिनहुँ रूपान्तरण भएर परमेश्वरको लागि काम गर्न तयार हुन्छौं । “यदि ख्रीष्टमा केही प्रोत्साहन छ भने, प्रेमको केही प्रेरणा, पवित्र आत्माको केही सङ्गति, केही स्नेह र सहानुभूति छ भने तिमीहरू एउटै मनका भएर, एउटै प्रेम राखेर, पूर्ण सम्मतिसाथ एउटै चित्तका भएर मेरो आनन्द पूरा गर ।” (फिलिप्पी २:१-२) ।

- जीवनशैली - पवित्र उद्देश्यको निम्ति हाम्रो संसारमा परमेश्वरको काम गर्न अलग गरिएको भएर । "तपाईंले तिनीहरूलाई संसारबाट लैजानुहोस् भनी म प्रार्थना गर्दिनँ, तर तिनीहरूलाई दुष्टबाट सुरक्षित राखिदिनुहोस् । तिनीहरू संसारका होइनन्, जस्तो म पनि संसारको होइनँ । तिनीहरूलाई सत्यमा पवित्र पारिदिनुहोस्, तपाईंको वचन सत्य हो ।" (यूहन्ना १७:१५-१७) ।
- परीक्षा र छनौट गर्ने शक्ति - दुर्व्यसन वा शरीरको सल्लाह वा कुनै खराबीमा आत्मसमर्पण नगर्ने तर र परमेश्वरबाट पवित्र जीवन जिउने शक्ति पाएको । "म यो पनि प्रार्थना गर्दछु, कि तिमीहरूको हृदयका आँखा उज्यालो होस्, र कुन आशाको निम्ति उहाँले तिमीहरूलाई बोलाउनुभएको छ, र सन्तहरूमा उहाँको महिमित सम्पदाको सम्पत्ति के हो, सो तिमीहरूले जान्न सक । अनि हामी विश्वास गर्नेहरूका निम्ति उहाँको शक्तिको असीम महानता के हो, सो तिमीहरू जान्न सक । त्यो शक्ति उहाँको महान् सामर्थ्यको काम नै हो, जो उहाँले ख्रीष्टमा पूरा गर्नुभयो, जब उहाँले ख्रीष्टलाई मरेकाहरूबाट जीवित पार्नुभयो, अनि स्वर्गीय स्थानहरूमा आफ्नै दाहिने बाहुलीपट्टि बसाल्नुभयो" (एफिसी १:१८-२०) ।
- आत्माका फलहरू - परमेश्वरको सिद्ध प्रेम जो आफैं प्रेम, आनन्द, शान्ति, धैर्य, दया, भलाइ, विश्वस्तता, नम्रता र संयममा प्रकट हुन्छन् ।
- "प्रेममा डर हुँदैन, तर सिद्ध प्रेमले डरलाई हटाउँछ । किनकि डरको सम्बन्ध त दण्डसँग हुन्छ, अनि जो डराउँछ प्रेममा त्यो सिद्द भएको हुँदैन" (१ यूहन्ना ४:१८) ।

**ङ.** हामी सञ्चारमार्फत मध्यमार्गमा विश्वास गर्छौं । हामी धेरै मामलाहरूमा दुवै तर्फका पराकास्टाहरूबाट बचेर रहने प्रयास गर्छौं । हामी पराकास्टाहरूका विशेष कुराहरूमा कम र मध्यमार्गी सन्तुलनमा ज्यादा ध्यान दिन्छौं ।

## ३. उत्कट सुसमाचार

मानिसका लागि येशूको प्रेम र अनुग्रह सम्बन्धी हाम्रो प्रतिक्रिया नै उत्कट सुसमाचार हो । नाजरिनको मण्डली उत्कट सुसमाचारका साथ सुरु भएको थियो । यसको निरन्तरताले हामी को हौं को केन्द्रमा राख्छ । नाजरिन मण्डलीका प्रथम महानिरीक्षक फिनिज ब्रिजीले सुसमाचारका निम्ति परमेश्वरको बोलावट सम्बन्धमा प्रष्टसँग भनेका थिए "हामीले जुन नापमा पायौं त्यस बराबरी प्रत्येक व्यक्तिलाई सुसमाचार सुनाउन ऋणी छौं ।" येशू ख्रीष्टमा विश्वासले व्यक्तिगत उद्धार पाउने कुरा पत्ता लगाउन् सकून् भनेर हामी मानिसहरूलाई सहायता गर्नमा ध्यान दिन्छौं ।

**क.** उत्कट सुसमाचारको नमूना येशूले बताउनुभयो । "तर भीडहरूलाई देखेर उहाँको हृदय तिनीहरूका निम्ति दयाले भरियो । किनभने तिनीहरू गोठालाविनाका भेडाहरूजस्तै हैरान र असहाय भएका थिए । जब उहाँले आफ्ना चेलाहरूलाई भन्नुभयो, 'फसल प्रशस्त छ, तर खेतालाहरू थोरै छन् । यसकारण फसलका प्रभुलाई प्रार्थना गर, र उहाँले आफ्नो फसलमा खेतालाहरू पठाइदेऊन् ।'" (मत्ती ९:३६-३८) ।

- येशूले भन्नुभयो, "के तिमीहरू भन्दैनौ, 'अझ चार महिना बाँकी छ, तब बाली काट्ने बेला आउँछ ?' म तिमीहरूलाई भन्दछु, आफ्ना आँखा उचालेर खेतबारी हेर, बाली कटनीको निम्ति पाकिसकेको छ ।'" (यूहन्ना ४:३५) ।

**ख.** उत्कट सुसमाचार येशूद्वारा दिइएको आदेश थियो:

- उहाँले तिनीहरूलाई भन्नुभयो, "सारा संसारमा गएर सारा सृष्टिलाई सुसमाचार प्रचार गर"
  (मर्कूस १६:१५)।
- उहाँले तिनीहरूलाई भन्नुभयो, "यसो लेखिएको छ, कि ख्रीष्टले दु:ख भोग्नु र तेस्रो दिनमा मृतकबाट जीवित हुनुपर्छ, अनि यरूशलेमबाट सुरु गरेर सबै जातिहरूलाई उहाँको नाउँमा पश्चात्ताप र पापक्षमाको प्रचार हुनुपर्छ" (लूका २४:४६-४७)।

**ग.** उत्कट सुसमाचार ख्रीष्टद्वारा सार्वजनिक भएको हो:

- अनि राज्यको यो सुसमाचार सारा संसारमा सबै जातिहरूका लागि गवाहीको निम्ति प्रचार गरिनेछ, त्यसपछि अन्त्य आउनेछ" (मत्ती २४:१४)।
- चोर त चोर्न, मार्न र नाश पार्न मात्र आउँछ। म त तिनीहरूले जीवन पाऊन्, र त्यो प्रशस्त मात्रामा पाऊन् भन्ने हेतुले आएँ" (यूहन्ना १०:१०)।

**घ.** उत्कट सुसमाचार पवित्र आत्माद्वारा सशक्त पारिएको हुन्छ:

- उहाँले हामीलाई व्यक्तिगत तथा सामूहिक जीवन जिउन र पवित्र साक्षी बन्न सशक्त पार्नुभयो।
- "तर पवित्र आत्मा तिमीहरूमा आउनुभएपछि तिमीहरूले शक्ति पाउनेछौ, र तिमीहरू यरूशलेममा, सारा यहूदियामा, सामरियामा र पृथ्वीको अन्तिम छेउसम्म मेरा साक्षी हुनेछौ"
- (प्रेरित १:८)।

**ङ.** उत्कट सुसमाचार पवित्र आत्माद्वारा उत्पन्न भएको हुन्छ:

- उहाँको जीवन हामीमा प्रामाणिक र उत्पादनशील हुन्छ।
- "तर पवित्र आत्माको फलचाहिँ प्रेम, आनन्द, शान्ति, धैर्य,

दया, भलाइ, विश्वस्तता, नम्रता, संयम हुन्। यस्ता कुराहरूको विरुद्धमा कुनै व्यवस्था छैन । तर तिनीहरू, जो ख्रीष्ट येशूका हुन्, तिनीहरूले पापमय स्वभावलाई त्यसको वासना र लालसासहित क्रूसमा टाँगिदिएका छन्" (गलाती ५:२२-२४)।

**च.** उत्कट सुसमाचारले व्यक्ति तथा मण्डलीमा नयाँ जीवन र नयाँ शक्ति ल्याउँछ ।

- यसकारण कोही ख्रीष्टमा छ भने त्यो नयाँ सृष्टि हो । पुरानो बितिगएको छ, हेर, नयाँ आएको छ ! (२ कोरिन्थी ५:१७) ।
- उद्धार पाउनेहरूलाई प्रभुले दिनदिनै तिनीहरूको सङ्ख्यामा थपिदिनुहुन्थ्यो (प्रेरित २:४७ख) ।

**छ.** उत्कट सुसमाचार येशू ख्रीष्टमा आज्ञाकारिताको अभिव्यक्ति हो:

- पावलको जीवन सुसमाचारलाई इन्कार गर्नै नसकिने शक्तिको एउटाचाहिँ प्रमाण हो ।
- गवाहीको शिलशिलामा पावल प्रेरित भन्छन्, "ग्रीक होस् वा अरू असभ्य जाति, बुद्धिमान् होस् वा निर्बुद्धि, सबैको म ऋणी छु । यसैले सकेसम्म तिमी रोममा हुनेहरूलाई पनि सुसमाचार प्रचार गर्न म उत्सुक छु। किनकि सुसमाचारसँग म शर्माउँदिनँ । किनभने विश्वास गर्ने प्रत्येकका मुक्तिको निम्ति यो परमेश्वरको शक्ति हो, पहिले यहूदीहरूका निम्ति र अन्यजातिहरूका निम्ति पनि" (रोमी १:१४-१६) ।

**ज.** ख्रीष्टको निम्ति उत्सुक हुनु महान् आज्ञा (मत्ती २८:१९-२०) मा हाम्रो प्रवेश विन्दु हो - हाम्रो तालिम र सुसज्जित पार्ने कामले:

- हरेकले येशू ख्रीष्टलाई चिन्ने नतीजा दिन्छ ।
- प्रत्येक कम तौरतरिका भएकाहरूले समेत उत्सुकतासाथ प्रतिक्रिया जनाउने र कृतसङ्कल्पले ख्रीष्टको हिस्सेदारमा

सङ्गति गर्छन् ।

**झ.** उत्कट सुसमाचारले हामीलाई परमेश्वरको वचनमा भर पर्न आमन्त्रण गर्छ र अरूमाझ उद्धारको सुसमाचार सुनाउन बाध्य पार्छ:

- हामी विश्वाससाथ बाइबल अध्ययन गर्छौं र बाइबलले के भन्छ भनी अरूलाई बताउँछौं ।
- परमेश्वरसँग सम्बन्ध पुनर्स्थापनाको खाँचो भएका पुरुष र स्त्री अनि केटा र केटीको हृदयमा सुसमाचारीय वचनको शक्तिले काम गर्दछ ।
- येशूले हाम्रो उदाहरण दिनुहुन्छ, "किनभने मानिसको पुत्र हराएकालाई खोज्न र बचाउन आएको हो" (लूका १९:१०) । "एक दिन मन्दिरमा उहाँले मानिसहरूलाई शिक्षा दिइरहनुभएको थियो, र तिनीहरूलाई सुसमाचार प्रचार गरिरहनुभएको थियो" (लूका २०:१क) ।

**ञ.** उत्कट सुसमाचारले हामीलाई पूर्णरूपमा ख्रीष्ट चिन्न उत्प्रेरित गर्छ:

- यसले हाम्रो परिचय र हाम्रो जीवनशैलीको अर्थ सञ्चार गर्छ । हाम्रो लागि उत्कट सुसमाचारभन्दा ठूलो जीवनको उत्सुकता होइन । हामी जीवनलाई रोजेर सुसमाचार प्रचार गर्छौं ।
- हामीले जान्ने कुरा यसले प्रमाणित गर्छ । जसरी येशूले चङ्गाइ पार्नुभएको अन्धो मानिसले सरल ढङ्गमा गवाही दियो "एउटै कुरामात्र म जान्दछु कि म अन्धो थिएँ, तर अब देख्दछु" (यूहन्ना ९:२५) ।
- हामीले पाएको सुविधाप्रति कसरी धन्यवादी हुने भनी यसले जाँच गर्दछ, "तिमीहरूले सित्तैँमा पायौ, सित्तैँमा

देओ" (मत्ती १०:८ख) ।

**ट.** उत्कट सुसमाचारले हामीलाई चेला बन्न प्रेरित गर्दछ:

जीवनको यात्रामा हाम्रो विश्वासको मार्ग बनाउन हामी जान-अन्जानका मानिसहरूलाई प्रभाव पार्न खोज्छौं ।

ख्रीष्टलाई पछ्याउने प्रत्येक व्यक्तिको परमेश्वरसँग उत्कट सम्बन्ध हुनुपर्छ, ताकि अरूसँगको बातचीतमा व्यक्तिगत गवाही स्वतःस्फूर्त बगोस् ।

**ठ.** उत्कट सुसमाचारले हाम्रो सिर्जनालाई प्रेरित गर्छ:

### सामाग्रीहरू

– जस्तैः येशू चलचित्र, सुसमाचारीय बल (Evangeball), इभान्जेक्युब (Evangecube) ।

### तरिकाहरू

– धेरै तरिकाहरू, एउटै सुसमाचार आदि ।

### रणनीतिहरू

– सामूहिक प्रचार, व्यक्तिगत तथा मित्रवत् प्रचार, सानो समूह, सहरी प्रचार तथा अन्य धेरै ।

## ४. अभिप्रायगत चेलापन

**क.** येशूले अभिप्रायगत रूपमा चेला निर्माण गर्न मण्डलीलाई बोलाउनुभयो ।

- "यसकारण जाओ र सबै देशका जातिहरूलाई चेला बनाओ,

पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिष्मा देओ, मैले तिमीहरूलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरूलाई सिकाओ । हेर, म युगको अन्त्यसम्म सधैँ तिमीहरूका साथमा छु" (मत्ती २८:१९-२०) ।

- मण्डलीसँग येशूजस्तै चेला निर्माण गर्न अभिप्रायगत तरिका छ ।
- येशूजस्तै चेलाहरू भनेका ती मानिसहरू हुन् जो येशूमा जिउँछन्, येशू ख्रीष्टकै रूपमा बढ्छन् र येशूले जस्तै काम गर्छन् । तिनीहरू आफैँलाई इन्कार गर्छन्, परमेश्वरलाई आप्ना सारा हृदय, सारा प्राण, सारा समझ र शक्तिले प्रेम गर्छन् र उहाँको आज्ञा पालन गर्छन् (मर्कूस १२:३०, यूहन्ना १५, लूका ९) ।
- उद्देश्यपूर्ण सम्बन्ध दर्शी चेलापनले मानिसलाई येशूसँग घनिष्ठ सम्बन्ध विकास गर्न मद्दत गर्दछ । ख्रीष्टको आत्माले तिनीहरूका चरित्रलाई उहाँकै स्वरूपमा रूपान्तरण गर्नुहुन्छ । नयाँ विश्वासीका मूल्यहरू स्वर्गीय मूल्यहरूमा परिवर्तन गर्नुहुन्छ। उनीहरूका घर, मण्डली र संसार उहाँको मिसनमा समावेश गर्नुहुन्छ ।

**ख.** हामी येशू ख्रीष्टसँग व्यक्तिगत सम्बन्धको अगुवाई सुरु गर्छौं ।

- येशू ख्रीष्टमा गरिएको विश्वासमार्फत पापको प्रायश्चित र पापक्षमासँगै विश्वासको यात्रा सुरु हुन्छ ।
- यी ख्रीष्टमा नयाँ सृष्टिहरू परमेश्वरको परिवारमा नवीनीकृत र अङ्गीकृत हुन्छन् ।

नयाँ जन्मले परमेश्वरलाई चिन्नेहरूको परिवर्तित हृदय, जीवनशैलीहरू र परमेश्वरको अनुग्रहको साक्षीहरू उत्पन्न गर्छ ।

- हामी आफ्नो लागि मात्र नभएर उनीहरूले प्रभाव पार्न सक्ने र ख्रीष्टमा डोऱ्याउन सक्नेहरूका लागि पनि बचाइएका हौं भन्ने शिक्षा दिदै नयाँ विश्वासीहरूलाई विश्वासको समुदायमा तुरून्त हुर्काउनुपर्छ । उनीहरू चेला बनाउने हुनेछन्, जसले बनाएका चेलाहरूले अरू चेलाहरू बनाउने छन् ।
- येशूलाई अझै नजिकबाट पछ्याउने बन्नमा सहायता गर्ने जस्ता काम चेलापनमा समेटिन्छ ।

**ग.** हामी बलियो प्रवचन मञ्च सेवामार्फत ख्रीष्टजस्तै उद्देश्यानुरूप चेलाहरूको विकास गर्छौं ।

- हाम्रा पास्टरहरू विश्वासमा कसरी बढ्ने भन्नेबारे निर्देशनात्मक वचन प्रचार गर्छन् ।
- हाम्रा पास्टरहरू विश्वासीलाई बाइबलीय ज्ञान बाँड्न र आत्मिकी भोक मेटाउन बाइबल-आधारित वचन प्रचार गर्छन् ।
- हाम्रा पास्टरहरू परमेश्वरको वचनलाई समग्र चेलापन प्रयासको आधार हुन दिन्छन् ।
- हाम्रा पास्टरहरूले बाइबल-अध्ययन कसरी गर्ने ? उनीहरूका मानिसहरूलाई वचनको अर्थ सोच्न लगाउने लगायत उनीहरूका जीवनमा यो कसरी कार्यान्वयन गर्ने कुराहरू सिकाउँछन् ।
- हाम्रा पास्टरहरू आत्मिकी सन्तुलित भोजनका लागि प्रचार गर्न वर्षभरि कडा परिश्रम गर्छन् ।
- हाम्रा पास्टरहरू सन्तुलित ढङ्गले ख्रीष्टसमान चेला निर्माणार्थ एकसाथ उभिने कामलाई सजीव पार्न पवित्र आत्मामा भर

पर्छन् ।

- येशूले ठूलो भीडमा प्रचार गर्नभयो र उहाँका चेलाहरूलाई होसियारीसाथ सानो समूहमा सिकाउनुभयो ।
- येशूले मानिसहरूलाई सिक्न सजिलो होस् भनी विनादृष्टान्त प्रचार गर्नुभएन (मर्कूस ४:३४) ।

**घ.** हामी सन्डे स्कुल कक्षाहरूलाई प्रवर्द्धन गर्छौं, जहाँ ख्रीष्टसमान चेलाहरू पोषित हुन्छन् र हुर्कन्छन् ।

- ख्रीष्टजस्तै चेला बनाउने उद्देश्यका साथ हाम्रा सन्डे स्कुलका शिक्षक-शिक्षिकाहरू धर्मग्रन्थको व्याख्या र जीवनमा त्यसको प्रयोगबारे पाठ सिकाउँछन् ।
- हाम्रा सन्डे स्कुल शिक्षक-शिक्षिकाहरूले जवान विश्वासीहरूका व्यक्तिगत रुचिलाई लिएर उनीहरूको ख्रीष्टियन विश्वाससम्बन्धी प्रश्नको जवाफ कक्षा कोठा भन्दा बाहिर पनि दिन्छन् र परमेश्वरको अनुग्रहमा बढ्न उत्साह प्रदान गर्छन् ।
- हाम्रा सन्डे स्कुल निर्देशन प्रणालीले शिशुदेखि ज्येष्ठ नागरिकसम्मको कार्यक्रम प्रदान गर्छ; यसले व्यवस्थित ढङ्गले पूरा बाइबल अध्ययन सामाग्रीको क्षेत्र र क्रमबद्धता प्रदान गर्दछ । "बालकलाई ऊ हिँड्नुपर्ने बाटोमा तालीम देऊ, र वृद्धावस्थासम्म ऊ त्यसबाट तर्किएर जाँदैन" (हितोपदेश २२:६) ।

**ङ.** हामी उत्तरदायी हुन प्रोत्साहन गर्ने सानो बाइबल अध्ययन समूह विकास गर्छौं ।

- बाइबल अध्ययनको यो सानो समूहले नयाँ तथा पुराना विश्वासीहरूलाई एकअर्काप्रति उत्तरदायी बनाउँछ ।

- यो सानो समूह नियमीत वैठकमा मात्रै सीमित हुँदैन, बरु यसले एउटा जीवनको मार्गको रूपमा मित्रहरू जोड्ने स्वस्थ सम्बन्ध विकास गर्छ ।
- यी अध्ययन समूहहरूले बाइबल अध्ययन र सामाजिक सन्तुलनको मिश्रण प्रदान गर्दछन्, जुन अनुग्रहमा वृद्धिका लागि आवश्यक छ ।
- साना चेलापन समूहहरू शनिवारमात्रै सीमित नभई जीवनभरिका लागि सहायता पुऱ्याउने प्रणालीको रूपमा विकास हुन्छ ।

**च.** हामी मण्डलीको राम्रो योजना तालिकामार्फत खीष्टसमान चेलाहरूको आत्मिक विकासका लागि उत्साह दिन्छौं ।

- बाइबल हाजिरीजवाफ प्रतियोगिता ।
- क्याराभान बाल सेवकाई ।
- छुट्टी बाइबल स्कूल ।
- खीष्टमस तथा पुनरुत्थान आउटरिच कार्यक्रम ।
- परोपकार सेवकाई प्रयासहरू ।
- अरूका लागि चेलापन सेवकाई ।
- पुरुष, स्त्री, ज्येष्ठ नागरिक, एकल, विशेष आवश्यकतामा परेका, खेलकुद टोली र अन्य विभिन्न प्रकारका समूहहरूलाई खीष्ट तथा उहाँका मण्डलीसँग सम्बन्ध जोड्न प्रोत्साहित गर्ने सेवकाइहरू

**छ.** हामी विश्वासीहरूलाई विश्वासमा वृद्धि र विकासका निम्ति उपलब्ध सबै माध्यमहरू प्रयोग गर्नुहोस् भनी आग्रह गर्छौं ।

- अध्ययन सहयोगी लिएर बाइबल अध्ययन गर्ने; श्रव्य मिसिलहरूमा बाइबल सुन्ने ।

- दैनिक प्रार्थना गर्ने ।
- इसाई सङ्गीत सुन्ने ।
- इसाई साहित्य पढ्ने ।
- तपाईंलाई ख्रीष्टजस्तै बन्नको निम्ति दैनिक प्रार्थना गर्ने उत्तरदायी साथी पत्ता लगाउने ।
- तपाईंलाई प्रेम गर्ने र गम्भीर प्रश्नहरू गर्ने उत्तरदायी साझेदार साथी पत्ता लगाउने ।
- तपाईंको जीवनमा परमेश्वरले के गर्दै हुनुहुन्छ भनी नियमीत रूपमा अरूहरूलाई बताउनको लागि अनुशासनको साझेदार विकास गर्ने ।

**ज.** हामी विश्वासीहरूलाई दिनहुँ परमेश्वरको उपस्थिति खोज्न सिक्न प्रोत्साहित गर्छौं ।

- हामी ख्रीष्टियान जीवनलाई हाम्रा प्रभु र मुक्तिदाता येशू ख्रीष्टसँग व्यक्तिगत सम्बन्धको रूपमा वर्णन गर्छौं ।
- उहाँसँग समय बिताएकै कारण ज्ञानकृत चेलाहरू ख्रीष्टको स्वरूपमा बढ्दै जान्छन् ।
- हामी दिनहुँ ख्रीष्टको आवाज सुन्छौं; उहाँको वचन खुवाउँछौं र उहाँको दैनिक उपस्थितिमा आनन्दित हुन्छौं ।

ख्रीष्टसमान चेलाहरू अभिप्रायगत रूपले उहाँलाई खोज्छन् र जो-जसलाई उनीहरू भेट्छन् तिनीहरूलाई उहाँको बारेमा बताउँछन् ।

**झ.** हामी चेलाहरूलाई अभिप्रायगत रूपले चेला बनाउन उत्साह दिन्छौं ।

- परमेश्वरले हामीलाई चेला बनाउन आज्ञा गर्नुभयो र अधिकार दिनुभयो (मत्ती २८:१९-२०) ।

- हामीलाई अभिप्रायगतरूपले चेलापनमा परामर्श गर्न हामी एउटा परिपक्व खीष्टियनलाई प्रार्थनासाथ आमन्त्रण गर्छौं ।
- विश्वासीहरूको सानो झुन्डलाई हाम्रो चेलापन झुन्डको अंश हुन प्रार्थनामा आमन्त्रण गर्छौं ।
- यी चेलाहरूका लागि हाम्रो जीवन लगानी गर्छौं र उनीहरूसँग एक भई परमेश्वरलाई खोज्छौं ।
- स-साना समूहहरूमा कथा-केन्द्रित बाइबल सिकाइ तरिकाले चेलाहरूलाई बाइबल सिक्न र यसको सन्देश उनीहरूले प्रभाव पार्न सक्ने जमातमा पुऱ्याउन योग्य बनाउने ठोस बाइबलीय आधार प्रदान गर्छ ।
- प्रार्थना, परमेश्वरको वचन र एक-अर्कामा उद्देश्यपूर्ण अभिप्रायगतको सहायताले येशूजस्तै हुनका लागि मण्डलीमा गतिशील चेलापनको चरित्रचित्रण गर्दछ ।

# ५. मण्डली विकास

**क.** इसाई मण्डली येशू खीष्टसँगै सुरु भयो र येशूले नै पहिलो विश्वासी समुदाय सुरु गर्नुभयो ।

- विश्वासी समुदाय परमेश्वरको आराधना गर्न नियमीत भेला हुन्थे ।
- त्यसपछि यो पावल र बर्णबासको पहिलो मिसनरी यात्रामार्फत नयाँ मण्डलीको रूपमा सङ्ख्यात्मक वृद्धि हुन सुरु भयो (प्रेरित १३-१४) ।

**ख.** पावलले मण्डली स्थापना गर्ने योजनाका साथ दोश्रो मिसनरी यात्रा तय गरे तर पवित्र आत्माले उनलाई अर्कै दिशातिर

डोऱ्याउनुभयो (प्रेरित १६) ।

- हामी परमेश्वरको काम गर्न र पवित्र आत्माको अगुवाई पाउँन सधैँ खुला रहनुपर्छ ।
- पावलसँग दर्शन थियो । यो कुनै व्यक्ति तथा समुदाय सर्भेक्षणद्वारा आएको थिएन । परमेश्वरको हृदयबाट आएको थियो । मण्डली स्थापना गर्न हाम्रो दर्शन पनि परमेश्वरको हृदयबाट आउनुपर्छ ।
- पावलसँग एउटा मानिसबाटको दर्शन थियो । यो कुनै खाका, कार्ययोजना, नारा, गतिचित्र या कार्यक्रम थिएन । पावलको दर्शन पतीत मानवकेन्द्रित थियो । नयाँ मण्डली स्थापनाका लागि हाम्रो दर्शन पनि येशू ख्रीष्टसँग सम्बन्धको खाँचो भएका पतीत मानव केन्द्रित हुनुपर्छ ।
- पावलसँग माकेडोनियाबाट आएको मानिसको दर्शन थियो । यो निश्चित ठाउँ, संस्कृति, भाषा र इतिहास बोकेको मानिस थियो । परमेश्वरले हामीलाई पनि निश्चित मानिस, समूह वा समुदायको दर्शन दिनुहुनेछ । हामीले हाम्रो निम्ति परमेश्वरको दर्शन पत्ता लगाउनु र उहाँको आज्ञा पालन गर्नँ आवश्यक छ ।
- पावलसँग माकेडोनियाबाट आएको एक खडा मानिसको दर्शन थियो । यो व्यक्ति पावलभन्दा केही कमको थिएन । हामी एकअर्काका आँखामा आँखा जुधाउँछौँ । यो व्यक्ति जोसँग म सुसमाचारसहित जान्छु, ऊ आदरको योग्य हुन्छ ।
- पावलसँग माकेडोनियाबाट आएको व्यक्तिको दर्शन थियो, जो उभिएर बोलाउँदैथियो, “हामीलाई सहायता गर्न आउनुहोस !” यो त्यो दर्शन हो जसले हामीलाई चलाउँदछ । हामी हाम्रो सहर, छिमेक, कुल, जाति र परिवारमा जानुपर्छ ।

**ग.** परमेश्वरको दर्शनमा निरन्तर इश्वरीय नेतृत्व समावेश भएको हुनाले पावललाई आफ्नो मण्डली विकास योजना प्रकट गर्नुभयो ।

- माकेडोनियाको मानिस एक महिलामा फेरियो । फिलिप्पीकी लिडिया यो सेवकाइ अवसरका लागि ग्रहणयोग्य व्यक्ति भइन् ।
- पावलले महिलाहरूको समूहमा वचन ग्रहणशील योग्य श्रोताहरू भेट्टाए, जो नदी किनारमा प्रार्थना गरिरहेका थिए ।
- पहिले मण्डली सुरु गर्दा यहूदी सभाघरको प्रयोग गरिए तापनि पावलले यो काम घरमा सुरु गरे ।
- विशेष वर्गले लगाउने महँगो कपडाका व्यापारी लिडियाले यस घरेलु मण्डलीको अगुवाइ गरिन् ।
- यसअघि प्रमाणित रणनैतिक तरिकाहरू मण्डली विकासका लागि समावेश नहुन सक्छ ।

**घ.** मण्डली स्थापनाका लागि ठूलो बलिदान चाहिन्छ ।

- पावल र सिलासको सेवकाई प्रयासहरूले उनीहरूलाई झ्यालखानामा पुऱ्याए । उनीहरूले खुसीसाथ व्यक्तिगत बलिदानी गरे । उनीहरूले परमेश्वरको निम्ति दुःख भोगेकोमा प्रशंसाका भजन गाए (प्रेरित १६:२५) ।
- मण्डलीका अगुवा तथा येशूलाई पछ्याउनेहरूले मण्डली स्थापनाका लागि आज पनि त्यस्तै मूल्य चुकाउँछन् । नयाँ मण्डली सुरु गर्नका लागि घण्टौंको प्रार्थना, आँसु, कडा परिश्रम, बल, पैसा र कहिलेकाहीँ रक्तपातको समेत सामना गर्नुपर्छ ।
- पावल र सिलासको व्यक्तिगत कठिनाइको बाबजुद झ्यालखानाका हाकिम मण्डलीको पास्टर भएसँगै नयाँ घरेलु

मण्डलीले फड्को मार्‍यो ।

**ङ.** हामी परमेश्वरको उपस्थितिमा जियौँ भने परिस्थितिहरू प्रतिकुल भए तापनि हामीमा पवित्र आत्माको स्थायी चेतनाको अनुभव हुन्छ ।

- पावल र सिलासले खाएको पिटाइ र रातमा कारागारमा भएको कष्टलाई व्यक्तिगत हानिको रूपमा विचार गरेनन् । बरु परमेश्वरको आत्माले प्रतिकुल परिस्थितिहरूमा पनि विजय दिएको बोध गरे ।
- पावल र सिलास परमेश्वरको आत्माद्वारा निर्देशित भएको कुरा जान्दथे; उहाँले व्यक्तिगतरूपमा हेरचाह गर्नुहुन्छ भनी जान्दथे ।
- फिलिप्पीको भ्यालखानामा आएको भूकम्पको धक्काले अझै परमेश्वर यस्तो काममा (प्रेरित १६:२५-२६) संलग्न हुनुहुन्छ भन्ने सम्झना गराउँछ । जब हाम्रा सेवकाई प्रयासहरू कठिनाइमा पर्छन् उहाँले हामीलाई बिर्सनुहुन्न ।
- जब हामी परमेश्वरको आज्ञा पालन गर्छौं र उहाँको इच्छाअनुसार काम गर्छौं तब परमेश्वरले आफ्नो समयमा तेजस्वी शक्तिले गर्नुपर्ने काम गर्नुहुनेछ । जब दुष्टले परमेश्वरको राज्यतिर अघि बढ्न प्रतिरोध गर्छ तब हाम्रा परमेश्वरले आखिरी वचन प्रयोग गर्नुहुन्छ ।
- हामी आफैं परमेश्वरको राज्य निर्माणमा अघि बढिरहेका छैनौं; परमेश्वरले नै आफ्नो राज्य निर्माण गर्दै हुनुहुन्छ ।

**च.** मण्डली विकास कार्ययोजनाहरू मण्डली इतिहासमा परिवर्तन भएका छन् ।

- मण्डली इतिहासको पहिलो चार शताब्दीसम्म एउटै मण्डली

भवन निर्माण भएको थिएन ।

- समर्पित मण्डली भवनहरू, सम्पत्ति र पूर्णकालीन पास्टर हरूको अवधारणाहरू पछिबाट आएका छन् ।
- नाजरिनको मण्डलीमा एउटा मण्डलीको हाम्रो परिभाषा यसरी बुझ्ने गरिन्छः
- आत्मिकी पोषण, आराधना अथवा पूर्वनिर्धारित समय र स्थानमा हुने स्थापित अगुवाबाटको अनुदेशन र बाइबलीय सन्देश अनि नाजरिन मण्डलीको सेवासँग एक रूप भएर भेला हुने कुनै पनि समूहलाई मण्डलीको रूपमा पहिचान गरिएको र यसको आँकडा विवरण जिल्ला र आम मण्डली (महानिरीक्षकहरूको बोर्ड) मा पठाइएको हुन्छ । अर्को शब्दमा भन्ने हो भने मण्डली भनेको भवन र सम्पत्ति नभएर विश्वासीहरूको भेला हो ।
- मण्डली आफैं नयाँ तरिकाले पुनरुत्पत्ति हुन पवित्र आत्माले यतिबेला अगुवाइ गर्दैहुनुहुन्छ ।
- प्रत्येक मण्डलीलाई छोरी मण्डली निर्माण गर्न प्रोत्साहित गरिन्छ ।
- यस नमुनाको सेवाले छोरी मण्डलीहरू घर तथा अन्य उपलब्ध ठाउँहरूमा भेट्छन् ।
- हरेक पास्टरले सेवकाई तालिममा भएका सहव्यवसायिक पास्टरलाई सल्लाह दिन्छन् ।
- यसरी छोरी मण्डली सुरु गर्न कुनै कोषको जरुरत पर्दैन; नयाँ मण्डली स्थापनार्थ साधारण विश्वासीले पनि परमेश्वरको बोलावटप्रति प्रतिक्रिया जनाएर सहयोग गर्न सक्छन् ।
- यस नमुनाले परमेश्वरलाई संसारभरि नयाँ ठाउँहरूमा उहाँको

मण्डली बढाउन मदत गर्छ; उहाँको दर्शन पक्रन, बोलावटको प्रतिक्रिया दिन र परमेश्वरलाई अगुवाइ गर्न दिनका लागि ग्रहणयोग्य हृदयहरू मात्र उहाँलाई आवश्यक पर्छ ।

**छ.** मण्डली विकासको उद्देश्य येशू ख्रीष्टको लागि नयाँ मानिससम्म पुग्नु हो ।

- येशूले भन्नुभयो, "मैले परमेश्वरको राज्यको सुसमाचार अरू सहरहरूमा पनि सुनाउनैपर्छ, किनकि म यसैको निम्ति पठाइएको हुँ" (लूका ४:४३) ।
- हामी मण्डली विकासमा आफ्नो जीवन समर्पण गर्ने परमेश्वरको राज्यका राजदूतहरू हौं ।
- हाम्रो प्रयासहरू संगठनलाई दीगो बनाउने लक्ष्यकालागि होइन ।
- हामी येशू ख्रीष्टको उद्धारप्रति जानकारीमा  बढीभन्दा बढी मानिसहरू आएको चाहना गर्छौं ।
- त्यसपछि हामी यी नयाँ विश्वासीहरूलाई ख्रीष्टको स्वरूपमा चेला बनाउन चाहन्छौं ।
- येशूले भन्नुभयो, "म तिमीहरूलाई भन्दछु, आफ्ना आँखा उचालेर खेतबारी हेर, बाली कटनीको निम्ति पाकिसकेको छ" (यूहन्ना ४:३५) ।

# ६. परिवर्तनशील नेतृत्व

**क.** हामी ख्रीष्टसमान नमूनाको अगुवाहरू निर्माण गर्न खोजी गर्छौं । येशू हाम्रो उदाहरण हुनुहुन्छ । त्यसकारण एउटा परिवर्तनशील

अगुवा भनेको ख्रीष्टसमान अगुवा हो ।

**ख.** परिवर्तनशील अगुवाहरू आज्ञाकारी र नम्र हुन्छन् ।

- तिनीहरू येशूलाई पछ्याउँछन् जो पिताको इच्छामा रहनुहुन्छ (फिलिप्पी २:५-८) ।
- तिनीहरू आफ्नो प्रार्थनाको उत्तर पाउने र सबै आवश्यकताहरू परमेश्वरले पुर्ति गरिदिने कुरामा पूरा भर पर्छन् (यूहन्ना १५:७) ।
- तिनीहरू अरूको अधिकारप्रति आज्ञाकारी हुन्छन् र आफैँलाई कमको ठान्छन् (एफिसी ५:२१) ।

**ग.** परिवर्तनशील अगुवाहरू सेवकहरू हुन् ।

- तिनीहरू येशू ख्रीष्टको उदाहरणलाई पछ्याउँछन्, जो सेवा पाउन होइन तर सेवा गर्न आउनुभयो (मर्कूस १०:४५; मत्ती २०:२८) ।
- तिनीहरू यस्तो सेवकपनको मन र व्यवहारले अगुवाई गर्छन् (फिलिप्पी २) ।

**घ.** परिवर्तनशील अगुवाहरू दर्शनद्रष्टा हुन् ।

- "जहाँ दर्शन छैन, त्यहाँ मानिसहरू भाँडिन्छन्" (हितोपदेश २९:१८) ।
- "तब परमप्रभुले मलाई भन्नुभयो, 'तैँले यो प्रकाश पाटीहरूमा प्रष्ट गरी लेख्" (हबकूक २:२) ।
- येशूले स्वर्गको राज्यको दर्शन चित्रण गर्नुभयो; हामीले पनि त्यही तरिकाले गर्नुपर्छ ताकि हरेकले स्पष्टसँग बुझ्न सकून् ।
- यो विशेषता अगुवा र चेलाहरूबीच भिन्नताको कारक हो । दर्शन देख्ने अगुवाहरूले मण्डली तथा समुदायको निम्ति परमेश्वरको दर्शन खोजी गर्छन् र अरूहरूलाई दर्शन बाँड्छन् ।

**ङ.** परिवर्तनशील अगुवाहरू रणनैतिक सोच राख्छन् ।

- तिनीहरूका समुदायहरूमा दर्शनलाई परमेश्वरको राज्यको औजारको रूपमा अनुवाद गर्ने उनीहरूसँग क्षमता हुन्छ ।
- तिनीहरूले हाम्रो समय र परिस्थिति बुझ्छन् अनि इस्साखारका सन्तानझैँ बाइबलीय जवाफ पत्ता लगाउँछन् (१ इतिहास १२:३२) ।
- तिनीहरू परमेश्वरको राज्यका लागि आत्मा जित्नुपर्छ भनी ध्यान पुऱ्याउँछन् ।
- तिनीहरू दर्शनलाई व्यवहारमा बदल्छन्, जसले विश्वासीहरूलाई कटनीका लागि खेतबारीमा परिचालन गर्छ ।
- तिनीहरू दर्शन र सेवालाई सरल तर प्रभावकारी राज्य योजना बनाउन योग्य हुन्छन् (लूका १४:२८-३०) ।

**च.** परिवर्तनशील अगुवाहरू टोली निर्माताहरू हुन् ।

- येशू हाम्रो नमुना हुनुहुन्छ; उहाँले सबै सेवकाइ आफैंले गर्नुको सट्टा एउटा टोली निर्माण गर्नुभयो र त्यसलाई सुसज्जित पार्नुभयो (मत्ती १०) ।
- येशूका चेलाहरू साधारण मानिस थिए, तर तिनीहरूले संसार उलटपुलट पारे (प्रेरित १७:६) ।
- परिवर्तनशील अगुवाहरूले परमेश्वरको राज्यको काममा हरेकलाई समावेश गर्ने टोली निर्माण गर्छन् ।

**छ.** परिवर्तनशील अगुवाहरू दयाभावीय रूपले आग्रही हुन्छन् ।

- जब येशूले उहाँका चेलाहरूलाई सुसमाचारीय काममा पठाउन सुरु गर्नुभयो, “सर्पझैँ चनाखो र ढुकुरझैँ निर्दोष” हुन निर्देशन दिनुभयो (मत्ती १०:१६) ।

- परिवर्तनशील अगुवाहरूले अनुग्रह र व्यवस्था, न्याय र दयालाई कसरी पवित्रतासँग मिलाउन सकिन्छ भनी जान्नुपर्छ ।
- तिनीहरू ठीकसँग निर्णय गर्ने बुद्धिमान निर्णयकर्ताहरू हुनुपर्छ।
- यद्यपि, तिनीहरूका निर्णयहरू दया स्वभावसँग सन्तुलित हुनुपर्छ ।
- तिनीहरूले प्रेममा सत्य बोल्नुपर्छ (एफिसी ४:१५) ।

**ज.** परिवर्तनशील अगुवाहरू प्रष्टसँग सञ्चार गर्छन् ।

- आफ्नो संसारिक सेवकाइको क्रममा येशूले पटक-पटक भन्नुभयो, "जसको कान छ, त्यसले सुनोस्" (मत्ती १३:४३) । येशू चेलाहरूले दृढतापूर्वक निरन्तर सुनेको चाहनुहुन्थ्यो ।
- परिवर्तनशील अगुवाहरू येशूझैं प्रष्ट र बुझिने गरी बोल्ने हुनुपर्छ ।
- परिवर्तनशील अगुवाहरूले प्रष्ट, दृढ र प्रभावकारी सञ्चारको महत्व बुझ्छन्: "यदि तुरहीले स्पष्ट ध्वनि दिएन भने युद्धको निम्ति को तयार हुने ?" (१ कोरिन्थी १४:८) ।

**झ.** परिवर्तनशील अगुवाहरू परमेश्वरको राज्यमा आउने पुस्तालाई उठाउन अरूलाई सशक्त पार्छन् ।

- यहोशूको अगुवाइ शैली आउने पुस्तालाई उठाउन असफल भयो; उनले आफ्ना पुस्तालाई मात्रै अगुवाइ गरे (न्यायकर्ता २:१०) ।
- परिवर्तनशील अगुवाहरू आफ्नो हक-अधिकारका लागि साम्राज्य खडा गर्दैनन्; बरु तिनीहरू वर्तमान तथा आउने पुस्तालाई तालिम दिन्छन् ।
- तिनीहरू परामर्शदाताको पहिचान गर्छन्, तालिम दिन्छन् र विकास गर्छन् जसले परमेश्वरको राज्यका निम्ति सुसज्जित

र सशक्त पारेर छोड्छन् ।

- उत्तराधिकार विनाको नेतृत्व सफल नेतृत्व होइन । "धेरै जना साक्षीहरूका उपस्थितिमा तिमीले मबाट जे कुरा सुनेका छौं, ती अरूहरूलाई पनि सिकाउन सक्ने विश्वास योग्य मानिसहरूलाई सुम्पिदेऊ (२ तिमोथी २:२) ।

## ७. उद्देश्यमूलक दयाभाव

**क.** उद्देश्यमूलक दयाभावले परमेश्वरको प्रेमिलो हृदय दर्शाउँछ ।

- परमेश्वरले आफ्नो पुत्र संसारमा पठाउनु अनि मानवताको लागि येशू मर्नु ईश्वरीय प्रेम र दयाको सर्वोत्कृष्ट उपहार हो ।
- यूहन्ना ३:१६-१७ बताउँछ कि परमेश्वरले प्रेमको बहावटबाट हामीले अनन्त जीवन पाउन सकौं भनेर आफ्नो पुत्र दिनुभयो। त्यसैगरी, १ यूहन्ना ३:१६-१७ ले हामीलाई बताउँछ कि मानवजातिका लागि परमेश्वरको प्रेम सृष्टिमाथि विश्वासीहरूले गर्ने दयालु व्यवहारमा प्रकटित हुन्छ ।
- येशूको जीवन, सेवकाइ, मृत्यु र पुनरुत्थानले प्रेममा एकले अर्कोको पक्ष र संसारको पक्षमा चल्ने कुराको उदाहरण दिन्छ (मत्ती ९:३६) ।

**ख.** उद्देश्यमूलक दया सधैँ येशूको नाउँमा गरिन्छ ।

- येशू हाम्रो लागि दयाको नमुना हुनुहुन्छ । सुसमाचारका पुस्तकहरूमा येशू उहाँको आफैं भित्र पसेर भित्री दयाले मानवता सहितको दु:ख सहनुभयो ।
- येशू विशेष गरेर प्रेम र गरीब, हराएका, बिरामी, सीमान्तकृत र कमजोर मानिसहरूका हेरचाहमा दयाभावकासाथ चल्नुभयो ।

- कसरी जिउने र प्रेम गर्ने भन्नेबारे येशू पूर्ण परमेश्वर र मानव दुवैमा हाम्रो लागि नमुना हुनुहुन्छ ।
- हामी हरेक सेवा उदारता वा दयाको काम येशूको नाममा गर्छौं र परिश्रमहरू उहाँको प्रेम प्रकट गराउन योगदान गर्छौं (मत्ती १०:४२) ।

**ग.** उद्देश्यमूलक दयाभावले प्रत्येक व्यक्तिको मर्यादालाई आदर गर्छ ।

- हरेक व्यक्ति परमेश्वरको सृष्टिको रूपमा उहाँकै स्वरूपमा बनाइएको हो भनी उहाँका मानिसहरू येशूको नाउँमा आशा, प्रेम र सहायता गर्छन् ।
- येशूमा परमेश्वरको प्रेम फैलाउनुभन्दा पर दयाभावको कुनै अभिप्राय हुदैन ।

**घ.** रूपान्तरित विश्वासीहरूबाट स्वभाविकरूपले उद्देश्यमूलक दयाभाव बग्छ ।

- परमेश्वरको आफ्नै प्रेम र दयालाई मूर्त रूप दिन मण्डलीलाई संसारमा बोलाइएको हो ।
- मानव प्रयास वा सामाजिक नीतिले मात्रै दयाको काम पूर्ण भएको हुँदैन ।
- ख्रीष्टको शरीरको रूपमा हाम्रो दयालु बोलावटले येशूको जीवन स्वरूप र पवित्र आत्माको निर्देशनमा समग्र रूपले समग्र जीवनका पक्षहरूलाई छुन्छ ।
- पवित्र आत्माले विश्वासीहरूको हृदय रूपान्तरण गर्छ, जसले बदलामा संसारमा शारीरिक, सामाजिक र आत्मिकी रूपान्तरण ल्याउनका लागि काम गर्छ ।
- दयाभावले प्रत्येक झुन्डको जीवन र सेवकाइलाई अंगभूत गराउन र सक्रिय पार्नमा अर्थ राख्छ ।

**ङ.** उद्देश्यमूलक दयाभाव सर्वाङ्गीण सेवकाइको हाम्रो वेस्लियन परिभाषामा समावेश छ ।

- हामी प्रेम र प्रभुको सेवा गर्नका निम्ति संसारमा जान परमेश्वर पिताबाट पठाइएका र पवित्र आत्माद्वारा सशक्त पारिएका हौं ।
- हामी विश्वास गर्छौं, पिताले पवित्र आत्माद्वारा प्रत्येक व्यक्तिको जीवनमा पहिलेदेखि नै काम गरिरहनुभएको छ र हामी यही असल कामका लागि बोलाइएका हौँ ।
- साँचो प्रचारले बोलावट भित्र प्रवेशको वचनबद्धता र हाम्रो वरपर भएका मानिसहरूको जीवनमा संलग्न रहने गराउँछ ।
- हामी येशूको नाउँमा पिडामा भएका, टुटेका, आवश्यकतामा भएका, सीमान्तकृत र असुरक्षितहरूप्रति ध्यान दिन्छौं र यस्ता व्यक्तिहरूमा चंगाइ, आशा र प्रेम ल्याउने कुराको खोजी गर्छौं ।
- हामी एक-अर्कामा प्रेमिलो मित्रता र समुदायमा सामाजिक परिणामहरू ल्याउन खिचिएका हुन्छौं । यसरी पनि परमेश्वरले ख्रीष्टको मण्डली निर्माण र विस्तार गर्नुहुन्छ ।

**च.** उद्देश्यमूलक दयाभाव परमेश्वरको मिसनप्रति हाम्रो जीवनको प्रतिज्ञाको अभिव्यक्तिको रूपमा एक टुटेको संसारको उद्धारको निम्ति बग्छ ।

- हामी परमेश्वरझैं सुन्न खोज्छौं, हेर्न खोज्छौं र टुक्रेका र मानव पिडाप्रति प्रतिक्रिया जनाउँछौं ।
- हामीलाई उपलब्ध सबै श्रोतहरू मानव पिडा हटाउनमा लगानी गर्छौं र संसारमा पुनर्स्थापना, समग्रता, उद्धार र शान्तिका लागि परमेश्वरका योजनाहरू खोजी गर्छौं ।
- मानिसहरूलाई दमन गर्ने हाम्रो संसारका दुष्ट कर्ममा योगदान

पुऱ्याउने अन्यायको संरचना सृजना गर्ने चक्रहरूमा समाजका निकायहरूलाई सुधार गर्ने प्रयासहरू येशूको नाममा गर्छौं ।

- हामीले गर्ने सबै काममा परमेश्वरको मिसन पूरा गर्न सहायता पुऱ्याउँछौं र परमेश्वरमा महिमा ल्याउने काम गर्छौं (मीका ६:८) ।

# हाम्रो वेस्लियन धर्मशास्त्र

## परिवर्तनकारी अनुग्रहको आश्चर्यकर्म

“हाम्रा सबै पापभन्दा अनुग्रह ठूलो छ” । यो कस्तो एक अद्‌भूत विचार ! तर त्यही हो भजनको पहिलो हरफ ।

परमेश्वरले येशूको अवतार लिनुभयो र संसारलाई उहाँमा मिलाप गराउन निर्णायक कार्य गर्नुभयो (यूहन्ना ३:१५-१६); रोमी १:१-१६) । जब हामी पापी नै थियौं, पापको लागि “प्रायश्चितको बलिदानको रूपमा” परमेश्वरले उहाँको आफ्नै पुत्र दिनुभयो (रोमी ३:२५) । सारा सृष्टिका प्रभुले संसारका पाप उठाउनुभयो र हामी सबैका लागि उद्धार दिनुभयो !

परमेश्वरको धार्मिकता र उहाँको उद्धार ख्रीष्ट येशूमा प्रकट भयो (रोमी ३:२१) । सारा मानिसजाति निराशापूर्वक परमेश्वरबाट तर्कनका लागि सृष्टि भएको थिएन (एफिसी १:५-२:१०) । त्यसै गरी हामीलाई परमेश्वरबाट अलग गर्ने शक्तिहरू पराजित भएका छन् (कलस्सी ३:१५) । अब हामी “येशू ख्रीष्टमा विश्वासद्वारा”

(रोमी ३:२२) स्वतन्त्र भएका छौं (रोमी ८:२) ।

नयाँ कराररले हामीलाई उहाँको प्रशस्तताबाट उद्धारसाथ दिनुहुने परमेश्वरलाई निरन्तर प्रशंसा गर्ने एउटा भजन तयार पारेको छ, जो हाम्रा लागि रित्तिनुभयो (एफिसी १:६-१०) । ख्रीष्टमा परमेश्वरको सबै पूर्णता शारीरिक रूपले वास गऱ्यो र ख्रीष्टलाई ग्रहण गर्नेहरू सबै उहाँमा त्यो पूर्णतामा आउनेछन् (कलस्सी २:८-१५) । परमेश्वरको अनुग्रहको लाभ परीक्षण पश्चात्, पावल चर्को गरी कराउँछन्, "आहा! बुद्धिको प्रशस्तता र परमेश्वरको ज्ञान कति गहिरो!" (रोमी ११:३३) । तीमध्ये केही प्रशस्ताहरू पहिचान गर्न सकिन्छः पाप क्षमा, हामीमा आत्माको वास, ख्रीष्टको स्वरूपमा निर्माण, अनन्त जीवन, परमेश्वरमा शान्ति, पवित्रीकरण, मण्डलीको सङ्गति र प्रभुको पुनार्गमनको आशा ।

जब येशू बोल्नुभयो र जे धेरै मानिसहरूले सुने त्यो वास्तवमा परमेश्वर स्वतन्त्ररूपले आफैंमा पापीहरूलाई पुनर्स्थापन गर्नुहुन्छ नामको "सुसमाचार" थियो । कर उठाउने घृणित व्यक्ति र व्यभिचारमा पक्रिएकी स्त्रीजस्ता व्यक्तिहरूले पनि परमेश्वरको प्रेम सुनेर पश्चात्ताप गर्न सक्छन्, पाप क्षमा पाउँछन् र अनन्त जीवन प्राप्त गर्छन् । आप्ना कमी-कमजोरीलाई स्वीकार गरी उहाँमा समर्पित हुने व्यक्तिलाई परमेश्वरले आफैंलाई सित्तैमा दिनुहुन्छ (लूका १५) ।

हामीले थाहा पाउनुभन्दा धेरैअघि हामीलाई उद्धारतिर खिच्न पवित्र आत्माले काम गरेको हुन्छ । भजनकार भन्दछन्, परमेश्वरको आवाज नसुनिने कुनै ठाउँ हुनेछैन (भजनसंग्रह १९:३) । पावल हामीलाई बताउँछन् कि सृष्टिका सबैथोक आफ्नो अस्तित्वका लागि क्षण-क्षणमा ख्रीष्टमा भर पर्दछन्  (कलस्सी १:१५-१७) । यूहन्ना घोषणा गर्दछन् कि ख्रीष्टले हरेकलाई ज्ञान प्रदान गर्नुहुन्छ (यूहन्ना १:९) ।

यसप्रकारका मेलमा सिर्जनशीलता र परमेश्वरप्रतिको निष्ठाद्वारा मात्र सुसमाचारको निम्ति व्यक्तिगत र सामाजिक घटनाहरूमा पवित्र

आत्माले काम गर्नुहुन्छ । सुसमाचार सुन्नका लागि मानिसको हृदय तयारी गर्न उहाँ प्रचारको स्पष्ट घोषणाभन्दा अघि-अघि जानुहुन्छ र आशाजनकरूपले व्यक्तिहरू सुसमाचार ग्रहण गर्छन् ।

पुनरावलोकनमा, जुन आत्माले इसाई उद्धारमा ल्याएको हो सो बाटो सारा इसाईहरूले पत्ता लगाउन सक्छन् । हामी यो परमेश्वरको अनुग्रहको प्रारम्भिक आयाम "पूर्ववर्ती अनुग्रह" अथवा अघि-अघि जाने अनुग्रहलाई मान्छौं ।

परमेश्वर हाम्रो लागि हुनुहुन्छ । परमेश्वरले उहाँका पुत्रद्वारा हरेक जो पूरा गर्नुभयो, ती कुराहरू पवित्र आत्माद्वारा हामीलाई अहिले दिनुहुन्छ । वास्तवमा, सबै सृष्टिले उद्धारबाट फाइदा लिन्छ जुन पिताले उहाँका पुत्रमा पूरा गर्नुभयो (रोमी ८:१९-२५) ।

दोष मोचन परमेश्वरको त्यो अनुग्रही कामको नाम हो, जसद्वारा परमेश्वरले क्षमा दिनुहुन्छ र पापीहरूलाई उहाँमा मिलाप गराउनुहुन्छ। अनुग्रहमा केवल विश्वासद्वारा परमेश्वरतिर फर्कनु दोष मोचन हो ।

दोष मोचन परमेश्वरको बचाउने कामको एक आयाम हो । पापीलाई परमेश्वरको जीवन स्थापनाको लागि पश्चात्तापी पापीमा परमेश्वरको आत्मा वास गर्नु दोश्रो फायदा हो । परमेश्वरको आत्माद्वारा ऊ नयाँ भएर जन्मेको हुन्छ । नयाँ करारमा यसलाई आत्मिक जीवनको नयाँ अनुभूति, नयाँ सृष्टि, नयाँ जन्म, माथिबाटको जन्म, अनन्त जीवन, परमेश्वरको राज्यमा प्रवेश, जीवनको नयाँ पनमा हिँड्ने र आत्मिक जीवन भनी बताउँछ ।

जेसुकै भनिए तापनि ईश्वरीय अनुग्रहको आश्चर्यकर्मद्वारा पवित्र आत्मा वास्तविक रूपले ख्रीष्टियनमा वास गर्छ र परिवर्तन उत्पन्न गराउँछ । जहाँ एक पल्ट मृत्यु थियो, त्यहाँ अहिले जीवन छ; जहाँ युद्ध थियो, परमेश्वरमा शान्ति छ; जहाँ निराश थियो त्यहाँ आशा छ । नयाँ करारले घोषणा गर्छ, "यदि कोही ख्रीष्टमा छ भने त्यो नयाँ सृष्टि हो ।

पुरानो बितिगएको छ, हेर, नयाँ आएको छ । यो सब परमेश्वरबाट भएको हो (२ कोरिन्थी ५:१७-१८क) ।

नयाँ करारले इसाई हुनु भनेको “खीष्टमा” हुनु र खीष्ट उनीहरूमा हुनु हो भनी बताउँछ । एकातर्फ, इसाईहरू परमेश्वरसँग मिलापमा आएका छन् किनकि विश्वासद्वारा तिनीहरू “खीष्टमा” छन् (रोमी ८:९), । उहाँमा पश्चात्ताप गर्ने पापीहरू पितासँगको मिलापमा हुन्छन् । तर नयाँ करार हामीमा येशू-“महिमाको आशा” झैं पनि बोल्दछ (कलस्सी १:२७) । पवित्र आत्माद्वारा पुनर्जीवित खीष्ट उहाँकै जीवन उहाँका मानिसहरूलाई प्रदान गर्नुहुन्छ । उहाँ तिनीहरूमा रहनुहुन्छ र तिनीहरूभित्र आत्माको फल दिनुहुन्छ (गलाती ५:२२-२३) ।

“तर” धेरैले साँच्चै नै प्रश्न गर्छन्, “एक इसाईको रूपमा मैले कुन किसिमको आत्मिकी जीवनको अपेक्षा गर्नसक्छु ? मेरो जीवनशैली अझै पुराना पाप स्वभावकै त हुने छैन ? अथवा परमेश्वरको आत्माले अहिले मभित्र उत्तम जीवन दिनुहुन्छ ?” नयाँ करारले जवाफ दिन्छ, “किनभने जो तिमीहरूमा हुनुहुन्छ, उहाँ संसारमा हुनेभन्दा महान् हुनुहुन्छ ।” (१ यूहन्ना ४:४) ।

येशू खीष्टलाई मृत्यु, नरक, पाप र चिहानमाथि विजय गराएर मृत्युबाट उठाउने शक्तिले नै पवित्र आत्माद्वारा अब हामीमा काम गर्नुहुन्छ (एफिसी १:१९) ! एकपल्ट पाप र मृत्युको पुरानो व्यवस्थाले शासन

“परिवर्तनकारी अनुग्रहको आश्चर्यकर्म” निबन्ध प्रतिविम्बित परमेश्वर अध्ययन बाइबल २०००, बाट लिइएको हो । यसको कपिराइट बाइबल द जोन्डरभान कर्पोरेसन र निबन्ध कन्सास सिटीको बिकन हिल प्रेसमा छ । प्रकाशकको अनुमतिमा प्रयोग गरिएको । सर्वाधिकार सुरक्षित ।

गर्थ्यो । तर अहिले, "पाप र मृत्युको व्यवस्थाबाट मलाई जीवनका आत्माको व्यवस्थाले ख्रीष्ट येशूमा मुक्त पारेको छ" (रोमी ८:२) ।

सबै इसाईहरूका लागि आनन्ददायी मानक यो हो कि उनीहरू पवित्र आत्मामा भरिन्छन् र शरीरअनुसार होइन तर आत्माअनुसार जिउँछन् (रोमी ८:१-८) । के तपाईंले आफ्नो जीवनमा व्यक्तिगतरूपले परमेश्वरको परिवर्तनकारी अनुग्रहको आश्चर्यकर्म अनुभव गर्नुभएको छ ?

# हाम्रो विश्वासको सूत्र

## १. त्रिएक परमेश्वर

हामी विश्वास गर्छौं एक अनन्तरूपमा अस्तित्वमा रहनुभएका अनन्त परमेश्वर, यस संसारका सार्वभौम सृष्टिकर्ता र पालनकर्ता परमेश्वरमाथि; जो एकमात्र परमेश्वर हुनुहुन्छ अनि स्वभाव, गुण र उद्देश्यमा पवित्र हुनुहुन्छ। परमेश्वर पवित्र प्रेम र ज्योति मूलभुतरूपमा, पिता, पुत्र र पवित्र आत्माको त्रयमा देखिनुहुन्छ ।

**उत्पत्ति १; लेवी १९:२; व्यवस्था ६:४-५; यशैया ५:१६; ६:१ -७; ४०:१८-३१; मत्ती ३:१६-१७; २८:१९-२०; यूहन्ना १४:६-२७; १ कोरिन्थी ८:६; २ कोरिन्थी १३:१४; गलाती ४:४-६; एफिसी २:१३-१८; १ यूहन्ना १:५; ४:८**

## २. येशू ख्रीष्ट

हामी त्रिएक परमेश्वरको दोश्रो व्यक्तित्व येशू ख्रीष्टमाथि विश्वास गर्छौं; जो परमेश्वरसँग अनन्तरूपमा एक हुनुहुन्थ्यो । उहाँ पवित्र आत्माद्वारा देहधारी हुनुभयो, कन्ये मरियमको कोखमा जन्मिनुभयो,

जसमा दुई पूर्ण र सिद्ध स्वभावहरू मिलेर ईश्वरत्व र मरदानगी भनिने एकै व्यक्ति ईश्वर-मानव बन्नुभयो ।

हामी विश्वास गर्छौं येशू ख्रीष्ट हाम्रो पापको लागि मर्नुभयो र उहाँ साँच्चै मृत्युबाट बौरी उठ्नुभयो अनि फेरि उहाँको शरीर मानव प्रकृतिको पूर्णतामा हुने सबै चीजहरू एकैसाथ लिएर स्वर्गमा उचालिनुभयो र त्यहाँ हाम्रो लागि मध्यस्तता गर्दैहुनुहुन्छ ।

**मत्ती १:२०-२५; १६:१५-१६; लूका १:२६-३५; यूहन्ना १:१-१८; प्रेरित २:२२-३६; रोमी ८:३, ३२-३४; गलाती ४:४-५; फिलिप्पी २:५-११; कलस्सी १:१२-२२; १ तिमोथी ६:१४-१६; हिब्रू १:१-५; ७:२२-२८; ९:२४-२८; १ यूहन्ना १:१-३; ४:२-३, १५**

## ३. पवित्र आत्मा

हामी त्रिएक परमेश्वरको तेश्रो व्यक्तित्व पवित्र आत्मामा विश्वास गर्छौं । उहाँ संसारको पाप भन्ने कुरा सम्झाउँदै, विश्वास गर्ने र पश्चात्ताप गर्नेहरूलाई पुनर्जीवन दिदै, विश्वासीहरूलाई शुद्ध बनाउँदै र येशूमा भएको जस्तो सबै सत्यमा डोऱ्याउँदै ख्रीष्टको  मण्डलीमा हमेसा सक्रियसाथ उपस्थित रहनुहुन्छ ।

**यूहन्ना ७:३९; १४:१५-१८, २६; १६:७–१५; प्रेरित २:३३; १५:८-९; रोमी ८:१-२७; गलाती ३:१-१४; ४:६; एफिसी ३:१४-२१; १ थेस्सलेनिकी ४:७–८; २ थेस्सलोनिकी २:१३; १ पत्रुस १:२; १ यूहन्ना ३:२४; ४:१३**

## ४. पवित्र धर्मशास्त्र

हामी पवित्र धर्मशास्त्रको पूर्ण प्रेरणामा विश्वास गर्छौं, जसद्वारा पुरानो र नयाँ करारका ६६ वटा ईश्वरीय प्रेरणा प्रदत्त हाम्रो सम्बन्धमा उद्धारको निम्ति आवश्यक सबै परमेश्वरको इच्छा भित्र रूपले प्रकट गराउने पुस्तकहरू बुझिन्छ । त्यसकारण जे त्यहाँ समेटिएका छैनन् ती विश्वासको सूत्रको रूपमा लागु

गरिएका छैनन् ।

**लूका २४:४४-४७; यूहन्ना १०:३५; १ कोरिन्थी १५:३-४; २ तिमोथी ३:१५-१७; १ पत्रुस १:१०-१२; २ पत्रुस १:२०-२१**

## ५. पाप, प्राकृतिक/मौलिक र व्यक्तिक

हामी विश्वास गर्छौं कि हाम्रो पहिलो पूर्खाको अनाज्ञाकारिताले गर्दा संसारमा पाप र पापद्वारा मृत्यु आयो । हामी मौलिक पाप वा भ्रष्टता र वास्तविक पाप वा व्यक्तिक पाप गरी दुई प्रकारका पाप हुन्छन् भनी विश्वास गर्छौं ।

हामी विश्वास गर्छौं मौलिक पाप अथवा भ्रष्टता, आदमका सबै सन्तानको भ्रष्टताको त्यो प्रकृति हो, जसको कारणले सबैजना साँचो धार्मिकताबाट धेरै टाढा तर्केर गएका छन् अथवा हाम्रो पहिलो अभिभावकमा सृष्टिको समयमा भएको शुद्ध अवस्थाबाट बिमुख भएर आत्मिक जीवनविना निरन्तर दुष्टतातिर ढल्किएका छन् । हामी अझ यो पनि विश्वास गर्छौं कि मौलिक पाप पुनर्जीवनको नयाँ जीवनमा पनि पवित्र आत्माको बप्तिस्माले हृदय पूर्णरूपमा सफा नभएसम्म निरन्तर अस्तित्वमा रहन्छ ।

हामी विश्वास गर्छौं मौलिक पापहरू वास्तविक पापभन्दा फरक हुन्छ जसमा यसले वास्तविक पापको लागि वंशाणुगत झुकाव संस्थापित गर्छ, जसप्रति ईश्वरीय रूपले प्रदान उपायलाई उपेक्षा र इन्कार गरेको समयसम्म कोही जिम्मेदार हुँदैन ।

हामी विश्वास गर्छौं वास्तविक अथवा व्यक्तिगत पाप नैतिकरूपले जिम्मेवार व्यक्तिद्वारा भएको परमेश्वरको परिचित नियमको स्वेच्छिक उल्लङ्घन हो । त्यसैकारण अन्जान र उम्कनै नसकिने

कमजोरी, दुर्बलता, अपराध, गल्ती, असफलता वा अरू पूर्ण आचरण मापदण्ड जस्ता अवशिष्ट प्रभावहरूदेखि पथभ्रष्ट हुने कुरामा भ्रमित हुनु हुदैन। जसै यस्ता निर्दोष प्रभावहरूले प्रवृति अथवा ख्रीष्टको आत्मा विपरीत प्रतिक्रियाहरूलाई समावेश गर्दैन जसलाई ठिकसँगले आत्माका पापहरू भन्न सकिन्छ। हामी विश्वास गर्छौं कि व्यक्तिगत पाप मुख्यत र मूलभूत रूपले प्रेमको नियम उल्लङ्घन हो र ख्रीष्टको सम्बन्धमा पापलाई अविश्वास भनी परिभाषित गर्न सकिन्छ।

**प्राकृतिक पापः उत्पत्ति ३; ६:५; अयूब १५:१४; भजनसंग्रह ५१:५; यर्मिया १७:९-१०; मर्कूस ७:२१-२३; रोमी १:१८-२५; ५:१२-१४; ७:१-८:९; १ कोरिन्थी ३:१-४;गलाती ५:१६-२५; १ यूहन्ना १:७-८**

**व्यक्तिगत पापः मत्ती २२:३६-४० (१ यूहन्ना ३:४ सहित); यूहन्ना ८:३४-३६; १६:८-९; रोमी ३:२३; ६:१५-२३; ८:१८-२४; १४:२३; १ यूहन्ना १:९-२:४; ३:७-१०**

# ६. प्रायश्चित

हामी विश्वास गर्छौं कि येशू ख्रीष्टले उहाँको दुःख, उहाँको आफ्नै रगतको छिट्काइ र उहाँको क्रूसको मृत्युद्वारा सारा मानव पापको पूर्ण प्रायश्चित तयार भयो र यो प्रायश्चित मात्र उद्धारको आधारमा हो अनि आदम वंश प्रत्येकका लागि यो पर्याप्त छ। प्रायश्चित नैतिक जिम्मेवारीका लागि असक्षम र अबोध बालकहरूका लागि अनुग्रही किसिमले उद्धारको लागि प्रभावोत्पादक छ तर जिम्मेवार उमेरमा पुगेका व्यक्तिहरू का हकमा उनीहरूले पश्चात्ताप र विश्वास नगरेसम्म प्रभावोत्पादक हुँदैन।

**यशैया ५३:५-६, ११; मर्कूस १०:४५; लूका २४:४६-४८; यूहन्ना १:२९; ३:१४-१७; प्रेरित ४:१०-१२; रोमी ३:२१-२६; ४:१७-२५; ५:६-२१; १ कोरिन्थी ६:२०; २ कोरिन्थी ५:१४-२१; गलाती १:३-४; ३:१३-१४; कलस्सी १:१९-२३; १ तिमोथी २:३-६; तीतस २:११-१४; हिब्रू २:९; ९:११-१४; १३:१२; १ पत्रुस१:१८-२१; २:१९-२५; १ यूहन्ना २:१-२**

# ७. पूर्ववर्ती अनुग्रह

हामी विश्वास गर्छौं कि, ईश्वर समानता मानव जातिको सृष्टिले ठिक र बेठिक छनौट गर्ने क्षमता भएका नैतिक रूपले जिम्मेवार हुन बनिएको मानव जातिहरू आदमद्वारा भ्रष्ट भै उनीहरू आफैं आफ्नै नैतिक बलमा फर्कन, तयारी हुन, विश्वासको काम गर्न र परमेश्वरलाई पुकार्न नसक्ने कुराहरू समेटेको छ । हामी यो पनि विश्वास गर्छौं कि, पापबाट धार्मिकतामा फर्कन इच्छा गर्ने, येशू ख्रीष्टमा पाप क्षमा र शुद्ध हुने कुरामा विश्वास गर्ने र उहाँको दृष्टिमा मन पर्ने र स्वीकार योग्य कामको अनुशरण गर्ने योग्य तुल्याउन सबै मानिसहरूका लागि परमेश्वरको अनुग्रह येशू ख्रीष्टद्वारा सित्तैमा दिइएको छ ।

हामी विश्वास गर्छौं कि पुनरुज्जीवन र पूर्ण पवित्रीकरणको अनुभव स्वामित्व लिएकाहरू पनि अनुग्रहबाट गिर्न र विश्वास त्याग गर्न सक्छन् र उनीहरूको पाप पश्चात्ताप नगरेमा निराशजनक र अनन्त रूपले नष्ट हुन्छन् ।

**परमेश्वरजस्तै र नैतिक जिम्मेवारीः उत्पत्ति १:२६-२७; २:१६-१७; व्यवस्था २८:१-२; ३०:१९; यहोशू २४:१५; भजनसङ्ग्रह ८:३-५; यशैया १:८-१०; यर्मिया ३१:२९-३०; इजकिएल १८:१-४; मीका ६:८; रोमी १:१९-२०; २:१-१६; १४:७-१२; गलाती ६:७-८**

**स्वभाविक असक्षमताः यअूब १४:४; १५:१४; भजनसङ्ग्रह १४:१-४; ५१:५; यूहन्ना ३:६क; रोमी ३:१०-१२; ५:१२-१४, २०क; ७:१४-२५**

**निःशुल्क अनुग्रह र विश्वासको कामः इजकिएल १८:२५-२६; यूहन्ना १:१२-१३; ३:६ख; प्रेरित ५:३१; रोमी ५:६-८, १८; ६:१५-१६, २३; १०:६-८; ११:२२; १ कोरिन्थी २:९-१४; १०:१-१२; २ कोरिन्थी ५:१८-१९; गलाती ५:६; एफिसी २:८-१०; फिलिप्पी २:१२-१३; कलस्सी १:२१-२३; २ तिमोथी ४:१०क; तीतस :११-१४; हिब्रू २:१-३; ३:१२-१५; ६:४-६; १०:२६-३१; याकूब २:१८-२२; २पत्रुस १:१०-११; २:२०-२२**

# ८. पश्चात्ताप

हामी विश्वास गर्छौं, परमेश्वर विरुद्ध काम गर्ने नियत भएकाहरू सबै पापबाट फर्कन पश्चात्ताप अपपरिहार्य छ । परमेश्वरको आत्माले सबैलाई पाप क्षमा र आत्मिक जीवनमा विश्वास गर्न सकून् भनेर पश्चात्तापको हृदय र करुणाको आशामा कृपालु सहायता प्रदान गर्नुहुन्छ ।

**२ इतिहास ७:१४; भजनसङ्ग्रह ३२:५-६; ५१:१-१७; यशैया ५५:६-७; यर्मिया ३:१२-१४; इजकिएल १८:३०-३२; ३३:१४-१६; मर्कूस १:१४-१५; लूका ३:१-१४; १३:१-५; १८:९-१४; प्रेरित २:३८; ३:१९; ५:३१; १७:३०-३१; २६:१६-१८; रोमी २:४; २ कोरिन्थी ७:८-११; १ थेस्सालोनिकी १:९; २ पत्रुस ३:९**

# ९. दोषमोचन, पुनरुज्जीवन, (नयाँ गरी जन्मनु), र अंगीकरण (परमेश्वरको सन्तान हुनु)

हामी विश्वास गर्छौं, दोषमोचन परमेश्वरको कृपालु अनुग्रही र न्यायिक काम हो, जसद्वारा उहाँले येशू ख्रीष्टमाथि विश्वास गर्ने र उहाँलाई प्रभु र मुक्तिदाता भनी ग्रहण गर्ने सबैलाई उनीहरूको सम्पूर्ण दोषहरू पूर्णरूपमा क्षमा गर्नुहुन्छ र पापको दण्डबाट मुक्त पार्नुहुन्छ, अनि धर्मी व्यक्तिको रूपमा स्वीकार्नुहुन्छ ।

हामी पुनरुज्जीवन अथवा नयाँ जन्म परमेश्वरको कृपालु अनुग्रही काम हो भनी हामी विश्वास गर्छौं जसद्वारा पश्चात्तापी विश्वासी आत्मिकरूपले जोशिलो हुन्छ र एक स्पष्टरूपले आत्मिक जीवन भएको विश्वास, प्रेम र अनुसरण योग्य बन्छ ।

हामी विश्वास गर्छौं कि अंगीकरण परमेश्वरको कृपालु काम हो जसद्वारा पापमोचित र पुनरुज्जीवित विश्वासी परमेश्वरको सन्तान बन्छ । हामी विश्वास गर्छौं कि परमेश्वरको खोजी गर्नेहरूले दोषमोचन, पुनरुज्जीवन र अंगीकरण एकसाथ अनुभव

गर्छन् र पश्चात्तापमा प्रारम्भ विश्वासको अवस्थामा र पवित्र आत्माको साक्षी दिने अनुग्रहको समयमा प्राप्त गरेका हुन्छन् ।

**लूका १८:१४; यूहन्ना १:१२-१३; ३:३-८; ५:२४; प्रेरित १३:३९; रोमी १:१७; ३:२१-२६, २८; ४:५-९, १७-२५; ५:१, १६-१९; ६:४; ७:६; ८:१, १५-१७; १ कोरिन्थी १:३०; ६:११; २ कोरिन्थी ५:१७-२१; गलाती २:१६-२१; ३:१-१४, २६४:४-७; एफिसी १:६-७; २:१, ४-५; फिलिप्पी ३:३-९; कलस्सी २:१३; तीतस ३:४-७; १ पत्रुस १:२३; १ यूहन्ना १:९; ३:१-२, ९; ४:७; ५:१, ९-१३, १८**

## १०. ख्रीष्टियन पवित्रता र पूर्ण पवित्रीकरण

हामी विश्वास गर्छौं कि पवित्रीकरण परमेश्वरको काम हो जसले विश्वासीहरूलाई ख्रीष्टतुल्य रूपमा परिवर्तन गर्छ । यसलाई परमेश्वरको अनुग्रहले पवित्र आत्माद्वारा पवित्रकरण अथवा पुनरुज्जीवन (पापमोचन सहित एकसाथ) पूर्ण पवित्रीकरण र पवित्र आत्माको क्रमागत कार्य पूरा गर्दै र महिमाको पराकास्ठामा पुऱ्याउँदै आरम्भमा गाढा बनायो । महिमामा हामी पूर्णरूले पुत्रको रूपसमान भएका हुन्छौं ।

हामी विश्वास गर्छौं कि पूर्ण पवित्रीकरण  पुनरुज्जीवन तर्फको अनुवर्ती हो जसद्वारा विश्वासीहरू मौलिक  पाप भ्रष्टताबाट स्वतन्त्र पारिएको र परमेश्वरप्रति पूर्ण समर्पणता र प्रेमले सिद्ध बनाएको पवित्र आज्ञाकारिताको अवस्थामा ल्याइएको हुन्छ ।

यो बप्तिस्माद्वारा अथवा पवित्र आत्माको भरपूरीमा गाढा बन्छ र त्यसले पापबाट हृदयको शुद्धिकरण, ग्रहण, पवित्र आत्माकोउपस्थिति, जीवन र सेवाका लागि विश्वासीलाई सशक्त पारिने कार्यको बोध एकै अनुभवमा गराउँछ ।

पूर्ण पवित्रीकरण येशूको रगतद्वारा प्रदान गरिएको छ । यो

विश्वासमा अनुग्रहद्वारा तत्काल पवित्रीकरणको रंग भर्ने कामको लागि पवित्र आत्माले साक्षी दिने अनुग्रहको अवस्थामा गाढा हुन्छ ।

यो अनुभव विभिन्न चरणहरूको अर्थ राख्ने भिन्न शब्दावलीहरू जस्तोः "इसाई परिपक्वता", "परिपक्व प्रेम", "हृदयको शुद्धता", "पवित्र आत्माको बप्तिस्मा अथवा पवित्र आत्माले भरिनु", "आशिषले भरिनु" र "इसाई पवित्रता" द्वारा पनि जान्न सकिन्छ ।

हामी विश्वास गर्छौं कि शुद्ध हृदय र परिपक्व चरित्रबीच देखिने भिन्नता छ । पहिलो चाहिँ तत्काल प्राप्त हुने पूर्ण पवित्रीकरणको परिणाम हो । पछिल्लोचाहिँ अनुग्रहमा वृद्धिको परिणाम हो ।

हामी विश्वास गर्छौं कि पूर्ण पवित्रीकरणले ख्रीष्टतुल्य चेलाको अनुग्रहमा वृद्धि हुन ईश्वरीय जोश समावेश गर्छ । जसै यो जोशलाई सचेतन पूर्वक पोषण गर्नुपर्छ र आवश्यकताहरू आत्मिक विकास प्रक्रिया र ख्रीष्टतुल्य चरित्र र व्यक्तित्वप्रति होसियारी अपनाउनुपर्छ । यस्ता उद्देश्यमूलक प्रयासविना, कसैको गवाही बिग्रन सक्छ र आफैं निराश हुन गई अनुग्रह गुम्न सक्छ ।

अनुग्रहका माध्यामहरू विशेषतः सङ्गति, अनुशासन र मण्डलीका धार्मिक विधिहरूमा सहभागी भएर विश्वासीहरू अनुग्रहमा बढ्छन् र सारा हृदयले परमेश्वर र छिमेकीलाई प्रेम गर्दछन् ।

**यर्मिया ३१:३१-३४; इजकिएल ३६:२५-२७; मलाकी ३:२-३; मत्ती ३:११-१२; लूका ३:१६-१७; यूहन्ना ७:३७-३९; १४:१५-२३; १७:६-२०; प्रेरित १:५; २:१-४; १५:८-९; रोमी ६:११-१३, १९; ८:१-४, ८-१४; १२:१-२; २ कोरिन्थी ६:१४-७:१; गलाती २:२०; ५:१६-२५; एफिसी ३:१४-२१; ५:१७-१८, २५-२७; फिलिप्पी ३:१०-१५; कलस्सी ३:१-१७; १ थेस्सलोनिकी ५:२३-२४; हिब्रू ४:९-११; १०:१०-१७; १२:१-२; १३:१२; १ यूहन्ना १:७, ९**

**"इसाई पवित्रता", "परिपक्व प्रेम": व्यवस्था ३०:६; मत्ती ५:४३-४८; २२:३७-४०; रोमी १२:९-२१; १३:८-१०; १ कोरिन्थी १३; फिलिप्पी ३:१०-१५; हिब्रू ६:१; १ यूहन्ना ४:१७-१८**

**"शुद्ध हृदय": मत्ती ५:८; प्रेरित १५:८,९; १ पत्रुस १:२२; १ यूहन्ना ३:३**

**"पवित्र आत्माको बप्तिस्मा": यर्मिया ३१:३१-३४; इजकिएल ३६:२५-२७; मलाकी ३:२-३; मत्ती ३:११-१२; लूका ३:१६-१७; प्रेरित १:५; २:१-४; १५:८-९**

**"आशिषको भरपूरी": रोमी १५:२९**

**"इसाई पवित्रता": मत्ती ५:१-७:२९; यूहन्ना १५:१-११; रोमी १२:१-१५:३; २ कोरिन्थी ७:१; एफिसी ४:१७-५:२०; फिलिप्पी १:९-११; ३:१२-१५; कलस्सी २:२०-३:१७; १ थेस्सलोनिकी ३:१३; ४:७-८; ५:२३; २ तिमोथी २:१९-२२; हिब्रू १०:१९-२५; १२:१४; १३:२०-२१; १ पत्रुस १:१५-१६; २ पत्रुस १:१-११; ३:१८; यहूदा २०-२१**

# ११. मण्डली

हामी येशू ख्रीष्टलाई प्रभु भनी स्वीकार गर्ने समुदाय, ख्रीष्टमा नयाँ बनाइएका परमेश्वरका करारका जाति, वचनमार्फत पवित्र आत्माद्वारा बोलाइएका ख्रीष्टको शरीर मण्डलीमा विश्वास गर्छौं । परमेश्वरले मण्डलीलाई एकता र आत्माको सङ्गति; आराधनामा वचनको प्रचारमार्फत धार्मिक विधिहरूको पालना, उहाँको नाममा गरिएको सेवकाईद्वारा; ख्रीष्टप्रतिको आज्ञाकारिता, पवित्र जियाइ र आपसी उत्तरदायित्वमा आफ्नो सजीवता व्यक्त गर्न बोलाउनुहुन्छ। मण्डलीको मिसन आत्माको शक्तिमा संसारमा ख्रीष्टको उद्धार र मिलापको सेवकाई बाँड्नु हो । मण्डलीले सुसमाचारमार्फत चेला निर्माण, शिक्षा, दयाको सेवकाइ, न्यायोचित काम र परमेश्वरको राज्यको लागि साक्षी धारण मार्फत आफ्नो मिसन पूरा गर्छ । मण्डली ऐतिहासिक वास्तविकता हो जसले आफैंलाई सांस्कृतिक परिस्थितिमाझ व्यवस्थित गर्छ, स्थानीय सभा र विश्वव्यापी देहको रूपमा अस्तित्वमा रहन्छ र मानिसहरूमा परमेश्वरको विशेष सेवकाइको निम्ति बोलावट भएका व्यक्तिहरूलाई अलग गर्दछ । परमेश्वरले मण्डलीलाई हाम्रा प्रभु येशू ख्रीष्टको आगमनमा उत्कर्षको/उमङ्गको उहाँको नियम अन्तर्गत रहनलाई बोलाउनुहुन्छ ।

**प्रस्थान १९:३; यर्मिया ३१:३३; मत्ती ८:११; १०:७; १६:१३-१९, २४; १८:१५-२०; २८:१९-२; यूहन्ना १७:१४-२६; २०:२१-२३; प्रेरित १:७–८; २:३२-४७; ६:१-२; १३:१; १४:२३; रोमी २:२८-२९; ४:१६; १०:९-१५; ११:१३-३२; १२:१-८; १५:१-३; १ कोरिन्थी ३:५-९; ७:१७; ११:१, १७–३३; १२:३, १२-३१; १४:२६- ४०; २ कोरिन्थी ५:११-६:१; गलाती ५:६, १३-१४; ६:१-५, १५; एफिसी ४:१-१७; ५:२५-२७; फिलिप्पी २:१-१६; १ थेस्सालोनिकी ४:१-१२; १ तिमोथी ४:१३; हिब्रू १०:१९-२५; १ पत्रुस १:१-२, १३; २:४-१२, २१; ४:१-२, १०-११; १ यूहन्ना ४:१७; यहूदा २४; प्रकाश ५:९-१०**

## १२. बप्तिष्मा

हामी विश्वास गर्छौं कि, ख्रीष्टियन बप्तिस्मा, हाम्रा प्रभुबाट आज्ञा गरिएको, येशू ख्रीष्टमा प्रायश्चितको लाभहरू येशू ख्रीष्टकालाई मुक्तिदाताको रूपमा उनीहरूको घोषणात्मक विश्वास र पवित्रता र धार्मिकता पालनाको पूरा लक्ष्य राख्ने स्वीकारोक्तिलाई सूचित गराउन विश्वासीहरूको निम्ति व्यवस्था गरिएको विधि हो । बप्तिस्मा नयाँ करारको प्रतीक भएकोले ख्रीष्टियन शिक्षामा हुर्काउने जिम्मा लिएर आमाबुबा वा अभिभावकहरूले निवेदन गरेमा बालबालिकालाई पनि बप्तिस्मा दिन सकिन्छ । यो निवेदकको रोजाइको आधारमा पानी छिट्काएर, खन्याएर वा पानीमा डुबाएर दिन सकिन्छ ।

**मत्ती ३:१-७; २८:१६-२०; प्रेरित २:३७-४१; ८:३५-३९; १०:४४-४८; १६:२९-३४; १९:१-६; रोमी ६:३-४; गलाती ३:२६-२८; कलस्सी २:१२; १ पत्रुस ३:१८-२२**

## १३. प्रभुभोज

हामी विश्वास गर्छौं कि प्रभु भोज  स्मृति र हाम्रा मुक्तिदाता प्रभु येशू ख्रीष्टद्वारा उहाँको घोषाणात्मक बलिदानीपूर्ण मृत्युको नयाँ करारमा अत्यावश्यक रूपले स्थापित विधि हो जसमा

विश्वासीहरूसँग जीवन, उद्धार र सबै आत्मिक आशिषहरू हुन्छन् । यस महत्वको श्रद्धापूर्ण आदरको निम्ति तयारी भएकाहरूले यसबाट स्पष्ट रूपले प्रभुको मृत्युलाई उहाँ फेरि नआउञ्जेलसम्म देखाउने गर्छन् । यो प्रभुभोज भएकोले, ख्रीष्टमा विश्वास गर्नेहरू र सन्तगणहरूप्रति प्रेम दर्शाउनेहरू मात्र यसमा सहभागी बन्न आह्वान गरिएको हुन्छ ।

**प्रस्थान १२:१-१४; मत्ती २६:२६-२९; मर्कूस १४:२२-२५; लूका २२:१७-२०; यूहन्ना ६:२८-५८; १ कोरिन्थी १०:१४-२१; ११:२३-३२**

## १४. ईश्वरीय चङ्गाइ

हामी बाइबलीय सिद्धान्तअनुरूपको इश्वरीय चङ्गाइमा विश्वास गर्छौं र हाम्रा मानिसहरूलाई चङ्गाइको लागि विश्वासको प्रार्थना गर्न प्रेरित गर्छौं । हामी विश्वास गर्छौं, परमेश्वरले औषधि-उपचारको माध्यमबाट पनि निको पार्नुहुन्छ ।

**२ राजा ५:१-१९; भजनसङ्ग्रह १०३:१-५; मत्ती ४:२३-२४; ९:१८-३५; यूहन्ना ४:४६-५४; प्रेरित ५:१२-१६; ९:३२-४२; १४:८-१५; १ कोरिन्थी १२:४-११; २ कोरिन्थी १२:७-१०; याकूब ५:१३-१६**

## १५. ख्रीष्टको दोश्रो आगमन

हामी विश्वास गर्छौं कि प्रभु येशू ख्रीष्ट फेरि आउनुहुनेछ; हामी जो उहाँको आगमनमा जीवितै रहेकाहरूले ख्रीष्ट येशूमा सुतेकाहरूलाई उछिन्नेछैनौं; तर यदि हामी उहाँमा रह्यौं भने बौरी उठाइएका सन्तहरूसँग प्रभुलाई बादलमा भेटेर सदा सर्वदा प्रभुसँग रहनेछौं ।

**मत्ती २५:३१-४६; यूहन्ना १४:१-३; प्रेरित १:९-११; फिलिप्पी ३:२०-२१; १ थेस्सालोनिकी ४:१३-१८; तीतस २:११-१४; हिब्रू ९:२६-२८; २ पत्रुस ३:३-१५; प्रकाश १:७-८; २२:७-२०**

# १६. पुनरुत्थान, न्याय, र गन्तव्य

हामी त्यो पुनरुत्थानमा विश्वास गर्छौं, जहाँ धर्मी र अधर्मी दुवै शरीरमा बौरी उठ्नेछन् र तिनीहरूको आत्मासित एकिकृत हुनेछन् –"जसले असल गरेका छन्, उनीहरूको जीवनको पुनरुत्थान हुनेछ; र जसले खराब गरेका छन्, उनीहरूको पुनरुत्थान नरकवासको लागि हुनेछ ।"

हामी भविष्यमा हुने न्यायमा विश्वास गर्छौं, प्रत्येक मानिसले परमेश्वरको अगाडि आफ्नो जीवनकालभरि गरेका कर्मअनुसार न्यायको निम्ति खडाहुनुपर्नेछ ।

विश्वास गर्ने र येशू ख्रीष्ट हाम्रा प्रभुको आज्ञाकारीपूर्वक अनुशरण गर्ने सबैका लागि महिमित र अनन्त जीवनको निश्चयता गरिएको छ र अन्ततोगत्व अपश्चात्तापीहरू चाहिँ नरकमा कष्टभोग गर्नुपर्नेछ भनेर हामी विश्वास गर्छौं ।

**उत्पत्ति १८:२५; १ शामूएल २:१०; भजनसङ्ग्रह ५०:६; यशैया २६:१९; दानिएल १२:२-३; मत्ती २५:३१-४६; मर्कूस ९:४३-४८; लूका १६:१९-३१; २०:२७-३८; यूहन्ना ३:१६-१८; ५:२५-२९; ११:२१-२७; प्रेरित १७:३०-३१; रोमी २:१-१६; १४:७-१२; १ कोरिन्थी १५:१२-५८; २ कोरिन्थी ५:१०; २ थेस्सालोनिकी १:५-१०; प्रकाश २०:११-१५; २२:१-१५**

# हाम्रो मण्डली विज्ञान

## हामी ख्रीष्टियन मण्डलीका हिस्सा हौं

"मण्डली" शब्द प्रायः बुझ्नलाई गाह्रो हुन्छ । किनकि हामीले यो शब्दलाई विभिन्न तरिकाले प्रयोग गर्ने भएको हुनाले यसलाई अझ स्पष्ट शब्दमा परिभाषा दिन आवश्यक छ । यसलाई एक्लेसियोलोजी (Ecclesiology) भनिन्छ, जसको अर्थ "मण्डलीको अध्ययन" हो ।

सर्वप्रथम, बाइबलले भनेझैं आफैंलाई "परमेश्वरका मानिसहरू"को रूपमा नाजरिन मण्डलीले पहिचान गर्दछ । अझ विशेष रूपमा हामी "एक, पवित्र, विश्वव्यापी र प्रेरितीय मण्डली" को हिस्सा हौं । यो वाक्यांश एक ऐतिहासिक मतबाट आएको हो र इतिहासदेखि नै संसारभरका इसाईहरूले यसलाई स्वीकार गर्दै आएका छन् । यस वाक्यांशका प्रत्येक चारवटै शब्दहरूले "मण्डली" को महत्वपूर्ण पक्षको वर्णन गर्छन् ।

हामी नाजरिन मण्डलीमा नभएर "ख्रीष्टको मण्डली" मा बप्तिस्मा पाएकाहरू हौं, । हाम्रो बप्तिस्मा दुवै व्यक्तिगत र सामूहिक कार्य

हुन् जहाँ हामीले परमेश्वरको बचाउ अनुग्रहको साथ परमेश्वरलाई चिन्नअघि उहाँले हाम्रो जीवनमा गर्ने पूर्ववर्तित अनुग्रहको काम देख्न सक्छौं ।

हाम्रा सेवक-सेविकाहरू नाजरिन मण्डलीमा नभएर “परमेश्वरको मण्डली”[१] मा अभिषिक्त भएका छन, । फलस्वरूप, हाम्रा नाजरिन भेलाहरू “विश्वव्यापी मण्डली” को ठोस अभिव्यक्ति हो, जुन चाहिँ यत्रतत्र भएका विश्वासीहरूको सामूहिक जमातलाई व्याख्या गर्ने वाक्यांशको रूपमा इतिहासदेखि नै हामीले प्रयोग गर्दै आएका छौं ।

परमेश्वरको पवित्रता र उहाँको मण्डलीको पवित्रताको धर्मशास्त्रीय कथनलाई हामी पुष्टि गर्छौं । परमेश्वरले मण्डलीलाई उहाँको ईश्वरीय साधनको रूपमा चुन्नुभयो र उहाँले यसलाई पवित्र आत्मामा भएर बोलाउनुभयो । पवित्र आत्मा मण्डलीको जीवन भक्ति हो, जसले संसारमा भएको ख्रीष्टको मण्डलीलाई जीवित पार्छ । मानव जीवनको एकमात्र सत्य केन्द्रविन्दु परमेश्वरको आराधना हो भनी इसाई मण्डलीले गवाही दिन्छ । त्यसैकारण यसले पापीहरूलाई पश्चात्ताप गर्न र उनीहरूको जीवन परिवर्तनका लागि बोलाउँछ । यसले मण्डलीको सम्वृद्ध भेलाको जीवनद्वारा विश्वासीहरूलाई पवित्र जीवन जियाइको निम्ति पोषण गर्छ र विश्वासीहरूलाई पवित्रकृत जसको अर्थ ख्रीष्टतुल्य पवित्र जीवन जिउनका लागि बोलाउँछ । पवित्रता र विश्वास योग्यतामा मण्डलीले संसारलाई परमेश्वरको राज्य देखाउँदछ । यसरी साँचो अर्थमा मण्डली यसको आफ्नै सन्देशको मापन हो ।

---

[१] *यी शब्दहरू प्रत्येक सेवक-सेविकाहरूको अभिषेक प्रमाण-पत्रमा लेखिएका छन् ।*

# हामी परमेश्वरको मिसनका लागि खडा भएका छौं

परमेश्वरले संसारलाई विशाल ढङ्गले बनाउनुभएको छ । प्रकृति र इतिहासमै उहाँले मानिसलाई ईश्वरीय स्वरूप धारण गर्नका लागि सृष्टि गर्नुभयो ता कि ईश्वरीय प्रेम फैलियोस् । संसारमा उहाँको मिसन पहिले आएको हो र हामीले हाम्रो मिसन उहाँबाट लिन्छौं । जब पापले सृष्टि विनाश गर्‍यो, मिसनको मुक्तिप्रद स्वभाव प्रकाश भयो । यो "परमेश्वरको सृष्टिको उद्देश्यमाथिको पुनर्स्थापना"[२] हो । मानव जातिको पुनर्स्थापना परमेश्वरको मिसनको मूल हिस्सा हो ।

जोन वेस्लीले यस पुनर्स्थापनालाई पवित्रीकरणको रूपमा परिभाषित गरेका छन् । उनका शब्दहरूमा यो, "परमेश्वरको स्वरूपमा हाम्रो आत्माको नवीकरण" हो जसलाई उनले "धार्मिकता र साँचो पवित्रता"[३] का रूपमा चरित्र-चित्रण गरेका छन् । अब्राहामको बोलावटमा परमेश्वरको मिसन प्रतिविम्बित भएको थियो, जसलाई उहाँले आशिषको निम्ति चुन्नुभयो ताकि अब्राहामका सन्तानहरू "सारा राष्ट्रहरूका लागि आशिष" हुन सकून् (उत्पत्ति १२:१-३) । यो हिब्रूहरूको इतिहासमा स्पष्ट पारिएको छ, जसले एक ईश्वरको साक्षी दिए र उहाँको नाम पृथ्वीका राष्ट्रहरूमा घोषणा गरे ।

ख्रीष्टियनहरू परमेश्वरलाई पवित्र त्रिएक-एकमा तीन व्यक्तित्वहरू– हाम्रा प्रभु येशू ख्रीष्टमा धेरै पूर्णरूपले प्रकटित हुनुभएको अनुभव गर्छन् । पवित्र आत्माले परमेश्वरको सेवकाइमा सहभागी हुन हामीलाई

---

*[२]रोजर एल. हान, "परमेश्वरको राज्यबारे येशूले दिनुभएको शिक्षामा परमेश्वरको मिसन", केइथ् स्क्वान्ज र जोसेफ कोलेसन्मा, ईडीएस्., मिसियो डेइस् वेस्लियन बुझाइ (२०११), ५८ ।*

*[३]जोन वेस्ली, उपदेशहरू, अङ्क २ (१९०२), पृ. ३७३ जोन वेस्ली, इसाई पवित्रताको विवरण, जे.ए. उड, जोन वेस्लीले सिकाएअनुसारको इसाई पवित्रता (१८८५), २११ ।*

सशक्त बनाउँदै आमन्त्रण गर्नुहुन्छ । परमेश्वरले पहिलो अब्राहामसँग स्थापना गर्नुभएको करारमा मण्डली प्रवेश गर्छ । पवित्रकृत जीवनको एक हिस्साको रूपमा सारा राष्ट्रहरूमा आशिष हुनका लागि मण्डलीले निरन्तरता दिन्छ ।

परमेश्वरको सेवकाइमा हामी अन्य ख्रीष्टियनहरूसँग मिल्छौं तर हाम्रो विशेष प्रकारको जीवन पद्धति व्यवस्थित गर्दै हामी हाम्रो अन्तराष्ट्रिय सम्प्रदायको दर्शनलाई सुदृढसँग पकड्छौं । राष्ट्रिय सीमानाहरूले मण्डलीको सीमाहरूको परिभाषा गर्दैन किनकि ख्रीष्टले नै यो सबै राष्ट्रहरू र जातिहरूसम्म पुग्नलाई मार्ग खोलिदिनुभएको छ ।

## ख्रीष्टले झैं संसारमा सेवकाई

परमेश्वरको प्रेमको साक्षीको लागि इसाई सेवकाइको आधार बाइबलीय जनादेश–प्रेम, जुन ख्रीष्टको व्यक्तित्वमा अझ स्पष्टसँग देखिएको छ । जब विश्वासीहरूले बप्तिस्मा लिन्छन् तब तिनीहरूले यो सेवकाइको पुष्टि गर्छन् । त्यसबेला तिनीहरूले ख्रीष्टको चेलाको रूपमा सार्वजनिकरूपले साक्षी भएको आशयको सूचना दिन्छन् । इमानदारी चेलापन परमेश्वरको भित्री अनुग्रहको बाहिरी चिन्ह हो । यसैगरी "परमेश्वरले संसारलाई यति धेरै प्रेम गर्नुभयो" (यूहन्ना ३:१६) चाहिँ ईश्वरीय अनुग्रहले संसारमा गर्दै गरेको कामको चिन्ह हो । ख्रीष्टको देहका सदस्यहरूको रूपमा सारा विश्वासीहरू सेवाका लागि सुसज्जित भएका हुन्छन् ।

कोही मण्डलीमा विशेष नेतृत्वका लागि बोलाइएका हुन्छन् र मण्डलीले उनीहरूलाई प्रेरितीय सेवकाइका लागि अभिषेक गर्नेगर्छ । त्यसको अर्थ मण्डलीले उनीहरूलाई प्रेरितहरूले सुरु गरेका कार्यहरूलाई निरन्तरता दिने अगुवाहरूको रूपमा पहिचान गर्छ भन्नु हो । उनीहरूको बोलावट परमेश्वरसँग उनीहरूको व्यक्तिगत अनुभवमा गहिरोसँग गाडिएको

हुन्छ ।

सँगसँगै ख्रीष्टको देहका सदस्यहरूले सेवापदीय (सेवकको रूपमा अभिषेक भएकाहरू) र जनपदीय  (अन्य सबै विश्वासीहरू) भिन्नता र वरदानहरू र अनुग्रहको उपस्थितिको पुष्टि गर्छन् । यो सबैभन्दा पहिले स्थानीय मण्डलीमा हुन्छ । त्यसपछि जिल्ला सभा जुन एक–वार्षिक सभा हो जतिबेला मण्डलीहरू एक-अर्कालाई र सम्प्रदायको कामलाई सहयोग गर्न एक साथ भेला हुन्छन्–अभिषेक लिन गइरहनुभएका सेवकहरू चुन्छन् । डिकनहरू ती हुन्, जो सेवकहरूमा सेवा गर्नका लागि बोलाइएका र अभिषेक गरिएका हुन्छन् जसमा प्रचार र मण्डली विधिहरू उनीहरूको प्राथमिक जिम्मेवारीमा पर्दैन । एल्डरहरू सुसमाचार प्रचारद्वारा ख्रीष्टको अङ्गलाई आकार दिनका लागि, धार्मिक विधि-विधान सञ्चालन गर्नका लागि, मानिसहरूलाई आराधनामा हुर्काउनका लागि र मण्डलीका विश्वासीहरूको जीवनलाई सन्तुलित गर्नका लागि अभिषेक भएका हुन्छन् ।

निरीक्षकहरू जिल्ला तथा आम मण्डली मुख्यालयको निम्ति सेवा-पदीय (पुरोहित वर्ग) र जनपदीय (जन-साधारण वर्ग) सभाहरूबाट चुनिएका हुन्छन् । उनीहरूले निश्चित क्षेत्रभित्रका मण्डलीका सदस्यहरू र पुरोहित गणहरूलाई पास्टरीय र आत्मिक अगुवाइपनका लागि निर्देश गर्छन् । महानिरीक्षकहरू समग्र सम्प्रदायभित्रका मण्डलीहरूमा सैद्धान्तिक एकता र पवित्रतालाई कायम राख्दै प्रेरितीय र पास्टरीय सेवकाइको अभ्यास गर्दछन् । उनीहरूले सह-शासन (आपसी सहकार्य) र सम्पूर्ण मण्डलीले अङ्गाल्न सक्ने दर्शन परिकल्पना गर्दै ख्रीष्टको जीवन प्रतिविम्बित गर्छन् ।

उनीहरूको प्रेक्षण-स्थान विन्दु अन्तराष्ट्रिय व्यापी हुने गर्छ । यो उनीहरूमा दर्शन सुस्पष्ट, मण्डलीको विभिन्न हिस्सामा चाहिने हाम्रो विश्वव्यापी आवश्यक क्षेत्रहरूमा विनियोजन गरिने स्रोतहरूमा

सहभागी र मण्डली सेवकाइ र सन्देशमा एक गराउन निर्भर रहन्छ। उनीहरूले विभिन्न जिल्ला सभाहरूमा सेवकहरूको अभिषेक र अन्य तरिकाद्वारा राष्ट्रिय, आर्थिक, जातीय र भाषिक रूपले विशाल विविधतामा सम्प्रदायको एकता कायम गर्छन्।

# हाम्रो प्रशासन नीति

नाजरिनहरूले जहिले पनि हामी विश्वव्यापी मण्डलीको एउटै अभिव्यक्ति हौं भन्ने कुरालाई मान्यता दिएको छ । मण्डली प्रशासन सञ्चालनका निम्ति हामीलाई धर्मशास्त्रले कुनै विशेष खाका दिदैन । यसलाई साझा सहमतिको आधारमा तय गर्न सकिन्छ र धर्मशास्त्रको वचनलाई तोडमोड नगर्ने कुरामा सहमत छौं भनी गरिने साझा सहमतिको आधारमा तय गर्न सकिन्छ। यसैकारण हामी विश्वास गर्छौं कि हाम्रो उद्देश्य र मिसनले हाम्रो संरचनालाई आकार दिनुपर्छ। (अधिक जानकारीका लागि नाजरिनको मण्डलीको निर्देशिकाको “ऐतिहासिक कथन” हेर्नुहोस्) ।

नाजरिन मण्डलीले मण्डली संघटन गर्न (“मेथोडिस्ट एपिस्कोपल पोलिटी” भनिने) प्रजातान्त्रिक अनुवादलाई अङ्गाल्छ । बिसप कार्यप्रणालीको प्रभावलाई सीमाबद्ध गर्दै “निरीक्षकहरू” नियुक्त

गरी हामीले सेवापदीय (clergy) र जनपदीय वर्ग (laity) को आवाजलाई विस्तारित गरेका छौं ।

नाजरिन प्रशासनका आधारभूत तत्वहरू यसप्रकार छन् ।

- हामीसँग तीन तहका शासन व्यवस्थाहरू छन् ।

महासभाले महानिरीक्षकहरू चुन्ने काम गर्छ, जसले सम्प्रदायको समग्र सेवाकाईको पथप्रदर्शन र समग्र मण्डलीमा अधिकारको अभ्यास गर्छन् । ती महानिरीक्षकहरू एक महासभादेखि अर्को महासभासम्म सेवारत हुन्छन् र प्रत्येक महासभामा पुनः निर्वाचित हुनुपर्छ । प्रत्येक महानिरीक्षकलाई जिल्लाहरूको सूची दिइन्छ र उनीहरू आ-आफ्नो क्षेत्रमा जिल्ला सभाहरू सञ्चालन र नयाँ सेवक-सेविकाहरूलाई अभिषेक गर्न जिम्मेवार हुन्छन् । महानिरीक्षकहरूका सङ्ख्या समयकालमा फरक परेको हो तर सन् १९६० देखि भने ६ जना महानिरीक्षकहरू रहदै आएका छन् । समग्रमा उनीहरूले महानिरीक्षकहरूको समिति बनाउँछन्, जसले प्रत्येक वर्ष धेरै पटक वैठक गर्छ ।

महासभाले पुरोहित वर्ग (सेवापदीय) र जन साधारणबाट (जनपदीय) बराबर सङ्ख्या मिलाएर महासमितिको चयन गर्छ । यसले वार्षिक रूपमा सभा गर्छ र नाजरिन मण्डलीका अधिकृतहरू र विभागीय निर्देशकहरूको चयन गर्छ । यसले नीतिहरू, बजेटहरू र नाजरिन मण्डलीको समग्र सेवाकाई कार्य सञ्चालनको पनि समीक्षा गर्छ ।

कुनै क्षेत्रका मण्डलीहरू जिल्लाहरूमा समूहबद्ध हुन्छन् र जिल्ला निरीक्षकहरूले ती मण्डलीहरूको अगुवाइ गर्छन् । जिल्ला सेवामुलक लक्ष्य प्राप्तिका लागि स्थापित हुन्छ र वार्षिक रूपमा यसले जिल्ला सभा गर्छ । जिल्ला सभाले जिल्ला निरीक्षकको चयन गर्छ, जो मण्डली र पास्टरहरूको हेरविचार, नयाँ मण्डलीहरू स्थापना र जिल्लाको स्वास्थ्यलाई पोषित गर्न जिम्मेवार हुन्छ ।

मण्डलीहरूले उनीहरूको आफ्ना पास्टरहरूलाई परामर्श र जिल्ला

निरीक्षकको अनुमोदनमा बोलाउँछन् । उनीहरूले आफ्ना वित्तीय र प्रक्रियागत कुराहरूको व्यवस्था आफैं गर्छन् ।

नाजरिन जिल्लाहरू विश्व क्षेत्रहरूमा समूहबद्ध गरिएका छन् । (हाल ६ वटा क्षेत्रहरू: अफ्रिका, एसिया-प्यासिफिक, युरेसिया, मेसोअमेरिका, दक्षिण-अमेरिका र युएसए-क्यानाडा छन्) । विश्व क्षेत्रीय संरचनाहरू मण्डलीको मिसनअनुसार निर्धारण गरिएका छन् । यी क्षेत्रहरू सरकारी प्रशासनिक संरचनाको हिस्सा होइनन् ।

- मण्डली भवनहरू र पास्टर निवासस्थानहरू मण्डलीमा भेला हुने समूहहरूको विश्वासमा सुम्पिएको जिल्लाका सम्पत्ति हुन् ।
- मण्डलीको सेवाकार्यमा महिला र पुरुष दुवैले एकसमान सेवा गर्न सक्छन् –सेवापदीय र जनपदीय (पुरोहितवर्ग र जनसाधरण वर्ग) ।
- हाम्रा महत्वपूर्ण कागजातहरू, प्रशासनिक संरचना र नीतिहरू नाजरिनको मण्डलीको निर्देशिकामा एकसाथ समावेश गरिएका छन् । निर्देशिकाको हेरफेर महासभाद्वारा गरिन्छ ।

# हाम्रो मण्डली

## स्थानीय मण्डली

नाजरिनको मण्डली सबै मानिसहरूले पवित्र आत्माको शक्तिमा परमेश्वरको परिवर्तनकारी अनुग्रहलाई येशू ख्रीष्टमा पाप क्षमा र शुद्धिकरणद्वारा अनुभव गरेको चाहना गर्छ ।

हाम्रो प्राथमिक मिसन भनेको “राष्ट्रहरूमा ख्रीष्टजस्तै चेलाहरू निर्माण गर्नु” हो । हामी विश्वास गर्छौं यसको अर्थ नयाँ विश्वासीहरू स्थानीय मण्डलीको सदस्यको रूपमा हाम्रो सङ्गतिको हिस्सा हुन सक्छन् जहाँ तिनीहरू ख्रीष्टको सेवा गर्न सुसज्जित हुन्छन् ।

विश्वासी समुदायको अन्तिम लक्ष्य नै प्रत्येकलाई अन्त्यको दिनमा ख्रीष्टमा परिपक्व प्रस्तुत गर्नु (कलस्सी १:२८) हो ।

स्थानीय मण्डलीमा नै उद्धारमा ल्याउने, परिपक्व बनाउने, शिक्षा दिने र विश्वासीहरूलाई अधिकार प्रदान गर्ने कार्य हुन्छ । स्थानीय मण्डली,

खीष्टको देह, हाम्रो विश्वास र मिसनको प्रतिनिधि हो ।

## जिल्लाव्यापी मण्डली

हामीले प्रशासनिक उद्देश्यका लागि स्थानीय मण्डलीहरूलाई जिल्ला र क्षेत्रहरूमा वर्गीकरण गरेका छौं ।

जिल्ला अन्तरसम्बन्धित मण्डलीहरूद्वारा बनेको संस्था हो । आपसी सहयोग, स्रोतहरूको बाँडफाँट र सहकार्यद्वारा हरेक स्थानीय मण्डलीको मिसनलाई सहज बनाउनका लागि जिल्लाहरू स्थापित भएका हुन् ।

जिल्ला निरीक्षकले जिल्ला सल्लाहकारी समितिको सहयोजनमा सम्बन्धित जिल्लाको निरीक्षण गर्ने गर्छ ।

## आम मण्डली

नाजरिन मण्डलीको निर्देशिकामा उल्लेखित हाम्रो विश्वास, प्रशासन (शासन) व्यवस्था, मण्डली परिभाषा र प्रक्रियाहरू नाजरिन मण्डलीमा एकताका आधारहरू हुन् ।

एकताका निम्ति मूल कुरा विश्वासको शुत्रहरू स्पष्ट पारिएको छ । भाषाहरू अनुवाद गरेर व्यापक रूपमा वितरण गरी यी विश्वासहरू हाम्रा मानिसहरूलाई सिकाउनको निम्ति सबै क्षेत्रहरूमा भएका मण्डलीलाई हामी उत्साह दिन्छौं । यो सबैको वस्त्रमा बुनिएको स्वर्णिम रेसा हो, जो नाजरिनको रूपमा काम गर्ने हामी नै हौं ।

महासभाले यस किसिमको एकता प्रतिविम्बित हुने गरी प्रतिनिधित्व गर्दछ, जुन नाजरिन मण्डलीको "सिद्धान्त-सङ्कलन, नीति-निर्माण र निर्वाचित अधिकार प्राप्त गर्ने सर्वोच्च निकाय हो ।" (निर्देशिका ३००)

दोश्रो प्रतिविम्ब अन्तराष्ट्रिय महासमिति हो, जसले समग्र मण्डलीको प्रतिनिधित्व गर्छ ।

तेश्रो प्रतिविम्ब महानिरीक्षकहरूको समिति हो, जसले निर्देशिकाको अनुवाद, सांस्कृतिक अभिग्रहणको अनुमोदन गर्न सक्छ र सेवाकाईका लागि मानिसहरूलाई अभिषेक दिन सक्छ ।

नाजरिन मण्डलीको शासन व्यवस्था प्रतिनिधिमुलक छ र यसरी यसले एकातिर बिसपतन्त्र (Episcopacy) को ज्यादती र अर्कोतिर असीमित सामूहिक वादको (Congregational) उग्रताबाट जोगाउँछ ।

मण्डली भनेको जोडिएको हुनुभन्दा अझ बढी हो । यो अन्तरसम्बन्धमा जोडिएको छ । हामीलाई बाँध्ने बन्धन कुनै पनि समयमा चुँडिन सक्ने एउटा मात्र धागोको डोरीभन्दा बलियो छ ।

हामीलाई एक-अर्कामा बाँध्ने साझा स्रोत के हो त ? येशू ख्रीष्ट हुनुहुन्छ ।

# सम्बद्ध मण्डली

नाजरिन मण्डली पवित्रताको सिद्धान्तलाई जोड दिने मानिस तथा मण्डलीहरूसँग सम्बद्ध सञ्जाल हो। यो सम्प्रदाय स्वतन्त्र मण्डलीहरूको फितलो सम्बन्ध होइन नता एक मण्डलीहरूको सम्प्रदाय मात्र हो, जहाँ असल सम्बन्धविनाको थोरै विश्वासहरू मात्र बाँडिन्छ।

मण्डली निस्पक्ष ढङ्गले सम्बद्ध छ।

यसको अर्थ हामी हाम्रो आपसी मिसन "राष्ट्रहरूमा ख्रीष्टजस्तै चेलाहरू निर्माण" गर्ने जिल्लाहरूमा सङ्गठित स्थानीय मण्डलीहरूको एक-अर्कामा निर्भर अङ्ग हौं। यो प्रतिज्ञा सेवाकार्य र हाम्रो साझा विश्वासको इमानदारिता कायम राख्दै एक-अर्काप्रति उत्तरदायी हुनका लागि हो।

एक सम्बद्ध मण्डलीको रूपमा हामी:

विश्वास बाँड्छौं,

मान्यताहरू बाँड्छौं,

मिसन बाँड्छौं,

जिम्मेवारीहरू बाँड्छौं

जिम्मेवारीहरू बाँड्नुमा आर्थिक सहकार्य समाहित छ । प्रत्येक विश्वासी झुन्डले विश्व सुसमाचारीय कोष र अन्य सेवाकाइका लागि विशेष भेटीहरू पठाउने गर्छ ।

नाजरिनहरूले सुरुवातदेखि नै विश्व सेवाकाइद्वारा ख्रीष्टतुल्य चेलाहरू निर्माण गर्दै आइरहेका छन् । सुसमाचार प्रचारका लागि कार्य क्षेत्रहरू विस्तार हुँदै र बढ्दै गइरहेका छन् । प्रार्थनाकासाथ उदारचित्तले दिएर तपाईं अरूहरूसँग सम्बद्ध हुनुहुन्छ र तपाईं एक्लैले गर्न सक्नेभन्दा बढ्ता गर्न सक्नुहुन्छ । मिसन कोषको लागि तपाईंले स्थानीय मण्डलीमा दिनुभएको भेटीको विशेष उद्देश्य छ ।

नाजरिनको मण्डलीले भेटी दिनमा असमानता र बलिदानमा समानताको सिद्धान्त अङ्गालेको छ । स्थानीय मण्डलीहरूको आर्थिक विकास जे जस्तो भए तापनि यो बाइबलीय अवधारणा र विश्व मण्डलीको आवश्यकता हो ।

कोष व्यवस्थापनको साम्प्रादायिक योजना विश्व सुसमाचारीय कोष हो । कहिलेकाहीँ तपाईंले "मिसनको लागि लगानी" भन्ने शब्दावली सुन्नुभएको होला । यो विश्व सुसमाचारीय कोषभन्दा फराकिलो शब्द हो । यो शब्द विश्वका भिन्न ठाउँहरूका लागि विभिन्न किसिमले मिसनको लागि गरिएको लगानी भन्ने हिसाबले प्रयोग गरिएको छ ।

विश्वव्यापी मिसन क्षेत्रहरू मार्फत मण्डलीको मिसन र सेवाकाइको लागि सहयोग गर्दै मण्डली जीवित र स्वस्थ छ । धेरैको निम्ति सेवकाइ कोषमा मण्डलीको बलिदानीपूर्ण दियाइले ठूलो महत्व राख्छ ।

विश्वभरिबाट जम्मा भएको रकमलाई हेर्छौं भने औसत ८६.१ प्रतिशत रकम स्थानीय मण्डलीको सेवाकाइमा प्रयोग भएको पाइन्छ । जिल्ला सेवाकाइहरूमा ४.५ प्रतिशत रकम प्रयोग भएको देखिन्छ । जम्मा

रकमको झन्डै १.८ प्रतिशत रकम नाजरिन कलेजहरूले विद्यार्थीहरूलाई शिक्षा दिने र चेला बनाउने काममा खर्च गर्ने गरेको देखिन्छ । यसरी तपाईंको मण्डलीबाट पठाइएको रकमको ७.६ प्रतिशत रकम मिसनेरीहरू, विश्व सेवाकाइ र अन्य अनुमोदन भएका विशेष भेटीको लागि विश्व सुसमाचारीय कोषमा जाने गर्छ ।

तपाईंले देख्न सक्नुहुन्छ कि तपाईंको दियाइले तालिम, चेला निर्माण, बालबालिका, जवान र वयस्कहरूका लागि र सुसमाचारमा सहायता गर्छ । जब तपाईंले दिनुहुन्छ तपाईं नाजरिनको सम्बद्ध मण्डलीमा हुनुहुन्छ तपाईं टुटेका मानिसहरूलाई प्रेम गर्नहुन्छ, विश्वभरि आत्मा गुमाएका मानिसहरूमाझ पुग्नुहुन्छ र राष्ट्रहरूमा ख्रीष्टतुल्य चेला निर्माण गर्नुहुन्छ ।

विश्व सुसमाचारीय कोष, मिसन विशेष र मिसन कोष रकम सबै जिम्मेवारी बाँडफाँटका भाग हुन् । यसले मण्डलीलाई मिसनरीहरू पठाउन, राष्ट्रिय अगुवाहरूलाई तालिम दिन, सुसमाचार, चेलापन र अर्को पुस्ताका नाजरिनहरूका लागि शिक्षा प्रदान गर्न सक्षम बनाउँछ ।

## ख्रीष्टिय पवित्रता. सुसमाचारीय (सेवामूलक)

हाम्रा प्रथम महानिरीक्षक फिनिज् एफ्. ब्रिजीद्वारा प्रतिपादित दर्शनको परिपूर्णताको साक्षी हामीले दिइरहेका छौं । नाजरिनको मण्डलीमा भएको ईश्वरीय परिदृश्यले प्रभुमा उद्धार र पवित्रताद्वारा विश्वलाई फेरो लगाएको बारे उनले सुरुदेखि बोलेका थिए ।

महिला होस् या पुरुष प्रत्येक नाजरिन यस दर्शनको बृहत् सत्यतामा सहभागी बन्ने गर्छ । प्रत्येक परिवर्तित जीवन सबैका लागि पूर्ण उद्धारको बारेमा वेस्लियन पवित्रताको शिक्षाको एक साक्षी हो ।

मण्डलीको मिसन “राष्ट्रहरूमा ख्रीष्टतुल्य चेलाहरू निर्माण गर्नु” ले हामीलाई दिइएको आत्मिक कुरा र परमेश्वरले जुटाइदिनुभएका श्रोत

तथा साधनहरूका असल भण्डारे हुनु भन्ने स्मरण गराउँछ।

मिसन परमेश्वरबाट आउँछ, जसको अर्थ हाम्रो उद्देश्य माथिबाटको र पवित्र आत्माद्वारा हामीमा निर्देशित भएका हुन् भन्ने हुन्छ।

जब हामी ईश्वरीय सम्पदालाई आदर गर्छौं, मण्डली पछाडि फर्कन सक्दैन नता यो जहाँ छ त्यहीं रहन सक्छ। येशू ख्रीष्टका अनुयायीहरूका रूपमा हामी जुन सहरतर्फ चलायमान हुँदैछौं त्यसको वास्तुकार र निर्माता परमेश्वर नै हुनुहुन्छ (हिब्रू ११:१०)।

याद गर्नुहोस्, परमेश्वरले सबै कुरा नयाँ बनाउँदै हुनुहुन्छ।

नोटः

नोटः